# ज्ञान–योग–पवित्रता–शान्ति
# पथ–प्रदर्शनी



**ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, विश्व शान्ति भवन**

छमेल, काठमाडौं, नेपाल, फोन : ४२८९०७५८

अन्तर्राष्ट्रिय मुख्यालय : प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय

पाण्डव भवन, माउण्ट आबु (राजस्थान)

# म को हुँ ?




मनुष्यहरू आफ्नो जीवनमा कतिपय समस्याहरूलाई समाधान गर्दछन् र त्यसको फलस्वरूप पुरस्कार पनि पाउँछन् तर एउटा साधारण समस्याको हल कसैले पनि जानेको छैन - "म को हुं ?" हुन त प्रत्येक मानिसले दिनभरी "म..म.." भनी नै रहन्छ । तर उसलाई "म" भन्ने को हो भन्ने प्रश्न सोध्यो भने यही उत्तर दिन्छ कि "म" हरिबहादुर हुँ वा श्यामप्रसाद हुँ.......। तर विचार गरेर सोच्यो भने यो त शरीर को नाउँ हो । शरीर "मेरो" हो, तर "म" त शरीरबाट अलग हुँ ! "म" आत्मा हो, यही एउटा सानो समस्याको प्राक्टिकल समाधान नजानेको कारणले आज सबै मानिसहरू शरीरभान (Body Conscious) मा छन् र सबै काम, क्रोधादि विकारहरूको वशमा छन् तथा दुःखी छन् ।

अब परमपिता परमात्मा भन्नुहुन्छ - "आज मानिसमा घमण्ड यति धेरै छ कि ऊ आफूलाई सम्झिन्छ - "म धनी हुँ, लोग्ने हुँ, अफिसर हुँ........", तर उसमा अज्ञान यति छ कि आफूलाई नै जान्दैन । "म को हुँ, यो संसाररूपी खेल आदिदेखि अन्त्यसम्म कसरी बनेको छ, म यसमा कहाँबाट आएँ, कहिले आएँ, कसरी सुख-शान्तिको राज्य गुमाएँ तथा परमपिता परमात्मा (यस सृष्टिको रचयिता) को हो ?" यी रहस्यहरू लाई कसैले पनि जान्दैन । अब जीवनको यो समस्या वा पहेलीलाई (Puzzle of life) पुनः जानेर मानिस आत्म-अभिमानी (Soul Conscious) बन्न सक्दछ र त्यसको फलस्वरूप नरलाई श्रीनारायण र नारीलाई श्रीलक्ष्मी पद प्राप्त हुन सक्दछ । साथै मानिसलाई मुक्ति र जीवनमुक्ति पनि मिल्न सक्दछ । उसले सम्पूर्ण सुख-शान्ति र पवित्रता पाउन सक्दछ ।

# पथ-प्रदर्शनी

जब कुनै व्यक्ति दुःखी तथा अशान्त हुन्छ तब ऊ प्रभुसँग पुकार गरेर भन्छ -“हे दुःखहर्ता, सुखकर्ता, शान्तिदाता प्रभु, मलाई शान्ति देऊ ।” विकारहरूको वशमा परेको मानिसले पनि पवित्रताको लागि परमात्माको आरती गर्दै भन्दछ -“विषय-विकार मेटाऊ पाप हर देवा” अथवा हे प्रभु, स्वामी हामी सबै लाई शुद्ध पवित्र गरिदिनुहोस्, सबै कमी कमजोरीहरूलाई हटाई असल बनाई दिनुहोस् ।” तर परमपिता परमात्मा विकार तथा दुर्गुणहरूलाई हटाउनको लागि जुन ईश्वरीय ज्ञान र सहज राजयोग सिकाउनु हुन्छ, प्रायः त्यससँग मानिसहरू अपरिचित छन् तथा यिनीहरूलाई व्यावहारिक जीवनमा धारण पनि गर्दैनन् । परमपिता परमात्माले हामीलाई पथ-प्रदर्शन गर्नुहुन्छ तथा हामीलाई सहयोग पनि दिनुहुन्छ । तर पुरुषार्थ भने हामी आफैले गर्नुपर्ने हुन्छ, त्यसपछि मात्र हामी जीवनमा सही सुख र यथार्थ शान्ति प्राप्त गर्नेछौं तथा श्रेष्ठाचारी बन्नेछौं ।

आगामी पृष्ठहरूमा परमपिता परमात्माद्वारा उद्घाटित ज्ञान एवं योगको पथ-प्रदर्शन गरिएको छ । यसलाई चित्रको रूपमा पनि अंकित गरिएको छ । साथै हरेक चित्रको लिखित व्याख्या पनि दिइएको छ ताकि त्यसको रहस्य बुद्धिमा बसोस् । यिनीहरूलाई पढ्नाले धेरै नयाँ ज्ञान रत्नहरू मिल्नेछन् । प्राक्टिकल रीति सँग राजयोगको अभ्यास सिक्न तथा जीवनलाई दिव्य बनाउनको लागि यस ईश्वरीय विश्व विद्यालयका जुनसुकै सेवा केन्द्रमा आएर निःशुल्क लाभ लिन सकिनेछ ।

## अमृत-सूची


१) म को हुँ — १
२) पथ-प्रदर्शनी — २
३) आत्मा के हो तथा मन के हो — ३
४) तीन लोक कुन-कुन हुन् परमात्मा शिवको धाम कुन हो ? — ६
५) एक आश्चर्यजनक कुरा — ७
६) सबै आत्माहरूको पिता परमात्मा — १०
७) परमात्मा तथा उहाँको दिव्य कर्तव्य — ११
८) परमात्माको दिव्य अवतरण — १३
९) शिव र शंकरमा फरक — १६
१०) एक महान् गल्ती — १८
११) सृष्टि रूपी उल्टो वा अद्भुत वृक्ष — १९
१२) प्रभु-मिलनको पुरुषोत्तम संगम युग — २२
१३) मानिसको ८४ जन्मको अद्भुत कथा — २३
१४) मनुष्य आत्मा ८४ लाख योनि धारण गर्दैन — २६
१५) प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व-विद्यालय — २७
१६) प्रजापिता ब्रह्मा तथा सरस्वती — २८
१७) सृष्टि नाटकको रचयिता तथा निर्देशक को हो ? — २९
१८) कलियुग अब बच्चा छैन बरू यसको विनाश धेरै नजिक छ — ३२
१९) के रावणका दश टाउका थिए ? — ३३
२०) मनुष्य जीवनको लक्ष्य के हो ? — ३६
२१) निकट भविष्यमा श्रीकृष्ण आउँदै हुनुहुन्छ ? — ३७
२२) गीता ज्ञान दाता को हो ? — ४०
२३) गीता ज्ञान हिंसक युद्ध गर्नको लागि दिइएको थिएन — ४१
२४) जीवन कमलपुष्प समान कसरी बन्दछ ? — ४४
२५) राजयोगका आधार तथा विधिहरू — ४५
२६) राजयोगका स्तम्भ तथा नियमहरू — ४८
२७) राजयोगबाट प्राप्त अष्ट शक्तिहरू — ५९
२८) राजयोगको यात्रा-स्वर्गको दौड — ५२
२९) सेवाकेन्द्रहरूको ठेगाना — ५३

# आत्मा के हो तथा मन के हो ?


आफ्नो दिन भरिको कुराकानीमा धेरै पटक मानिसले “म” शब्दको प्रयोग गरेको हुन्छ । तर एउटा आश्चर्यको कुरा के छ भने प्रत्येक दिन धेरै पटक “म” र “मेरो” शव्दको प्रयोग गरेर पनि मानिसलाई यस कुराको यथार्थ जानकारी छैन । “म” भन्ने सत्ताको स्वरूप कस्तो छ, अर्थात् “म” जुन वस्तुको सूचक हो त्यो के हो ? आज मानिसले विज्ञानद्वारा ठूला-ठूला शक्तिशाली वस्तुहरू बनाइसकेको छ । उसले संसारका धेरै समस्याहरूको उत्तर पाइसकेको छ तथा ऊ अनेक जटिल समस्याहरूको हल निकाल्नमा तल्लीन पनि छ तर “म” भन्ने को हो, यसको विषयमा सत्यता थाहा छैन् अर्थात् ऊ स्वयंलाई नै जान्दैन । आज कसैलाई उसको परिचयको विषयमा सोध्यो भने तुरुन्तै आफ्नो शरीरको नाउँ भनिदिन्छ अथवा आफूले गर्ने पेशा वा त्यसको नाउँ भनिदिन्छ ।

वास्तवमा “म” शव्द शरीरबाट भिन्न चेतनशक्ति आत्माको सूचक हो जस्तो कि चित्रमा देखाइएको छ । मानिस (जीवात्मा) आत्मा र शरीर मिलेर बन्दछ । जसरी शरीर पाँच तत्वहरू (पृथ्वी, जल, अग्नि, वायु र आकाश) बाट बनेको छ, यस्तै आत्मा मन, बुद्धि र संस्कारमय हुन्छ । आत्मामा नै विचार गर्ने र निर्णय गर्ने शक्ति हुन्छ तथा त्यसले जस्तो कर्म गर्छ त्यस्तै अनुसारको संस्कार बन्दछ ।

आत्मा एक चेतन एवं ज्योतिर्बिन्दु शक्ति हो जोकि मानिसको शरीरको निधार (भृकुटी) मा निवास गर्दछ । जसरी रातमा आकाशमा तारा टिमटिमाउँदा एक ज्योति बिन्दुजस्तो देखिन्छ । त्यस्तै दिव्य-दृष्टिद्वारा आत्मा पनि एक तारा जस्तै देखिन्छ । त्यसैले एक प्रसिद्ध कथनमा भनिएको पनि छ - “निधारमा चम्किन्छ एक अनौठो तारा गरीब होस् साहेब लाग्दछ त्यो अती प्यारो ।” आत्माको वास निधारमा भएको कारणले नै मानिसले घोरिएर सोच-विचार गर्दा यहीँ हात लगाउँदछ । जब उसले भन्दछ मेरो त भाग्य नै खोटो छ त्यस बेला पनि उसले यही नेर हात लगाउँछ । आत्माको यहाँ निवास हुने भएकोले नै भक्तहरूले यही स्थानमा चन्दन वा टीका लगाउने प्रथा पनि छ । यहाँबाट आत्माको सम्बन्ध मस्तिष्कसँग जोडिएको हुन्छ र मस्तिष्कको सम्बन्ध सारा शरीरसँग जोडिएको छ वा सारा तन्तुहरू वा किया तन्तुहरूसँग जोडिएको छ । आत्मा नै शान्ति अथवा दुःखको अनुभव गर्दछ तथा निर्णय गर्दछ र त्यसैमा संस्कार पनि रहेको हुन्छ । अतः मन तथा बुद्धि आत्माबाट भिन्न छैनन् तर आत्मा स्वयंलाई बिर्सेर शरीर - स्त्री, पुरुष, बूढो, जवान इत्यादिको भानमा परेको छ । यही शारीरिक (दैहिक) भान दुःखको मुख्य कारण हुन गएको हो ।


उपरोक्त रहस्यलाई मोटर र ड्राइभरको उदाहरणबाट पनि स्पष्ट गर्न सकिन्छ । शरीर मोटर समान छ तथा आत्मा यसको ड्राइभर हो अर्थात् जसरी ड्राइभरले मोटरलाई नियन्त्रण गर्दछ त्यस्तै प्रकारले आत्माले शरीरलाई नियन्त्रण गर्दछ । आत्मा बिना शरीर निष्प्राण छ जसरी ड्राइभर बिना मोटर । अतः परमपिता परमात्माले भन्नुहुन्छ कि आफूले आफूलाई चिनेपछि मात्र मानिसले यस शरीररूपी मोटरलाई चलाउन सक्दछ तथा आफ्नो लक्ष्य (गन्तव्य स्थान) सम्म पुग्न सक्दछ । अन्यथा जसरी ड्राइभर कार चलाउन पूर्ण सिपालु नभएमा दुर्घटना (Accident) को शिकार बन्दछ तथा कार र त्यसका यात्रीहरूलाई चोट-पटक लाग्दछ त्यसै प्रकारले जुन मानिसलाई आफ्नो बारेमा जानकारी छैन ऊ स्वयं दुःखी र अशान्त हुन्छ नै साथ साथै आफू सँगका मित्र-सम्बन्धीहरूलाई पनि दुःखी र अशान्त पार्दछ । अतः सही सुख र शान्तिको लागि स्वयंलाई जान्नु नितान्त आवश्यक छ ।

# आत्मा के हो मन के हो ?



तपाई आत्मा हुनुहुन्छ
आत्मा
मन
बुद्धि
संस्कार
शरीर
हड्डी मासुको पुतला
जीवात्मा
जसरी ड्राइभरले मोटरलाई नियन्त्रण गर्छ
त्यस्तै आत्माले शरीरलाई नियन्त्रण गर्दछ
शरीर रुपी मोटर
आत्मा–ड्राइभर

# तीनलोक कुन–कुन हुन् र शिवको धाम कुन हो ?



# तीन लोक भनेका कुन–कुन हुन् र परमात्मा शिवको धाम चाहीँ कुन हो ?

मानिसहरूले मुक्ति अथवा पूर्ण शान्तिको शुभ इच्छा त गर्दछन् तर उनीहरूलाई यो कुरा थाहा छैन कि शान्तिधाम अथवा मुक्तिधाम कहाँ छ ? यसै प्रकारले मानिसहरू परमपिता परमात्मासँग भेट्न चाहन्छन् र उहाँलाई याद पनि गर्दछन् । तर उनीहरूलाई यो कुरा थाहा छैन कि त्यो पवित्रधाम कहाँ छ जहाँबाट परमात्मा यस सृष्टिमा अवतरित हुनुहुन्छ ? यो कति आश्चर्यको कुरा छ, जहाँबाट हामी सवै मानवआत्माहरू आएका हौं त्यही प्यारो देशलाई बिर्सिसकेका छौं र फर्केर पनि जान सक्दैनौं ‼

**(१) साकार मानव लोक :** चित्रमा देखाइएको एउटा हो, यो साकारी ‘मानवलोक’ जसमा यस समय हामी छौं । यसैलाई साकार मनुष्यलोक पनि भनिन्छ । यसमा सबै आत्माहरूले हाड-मासुको शरीर लिएर कर्म गर्दछन् र त्यसको फल दुःख-सुखको रूपमा भोग्दछन् तथा जन्म-मरणको चक्करमा पनि आउँछन् । यस लोकमा संकल्प, ध्वनि र कर्म तीनै छन् । यसलाई नै पाँच तत्वको सृष्टि अथवा कर्मक्षेत्र पनि भन्दछन् । यो सृष्टि आकाश तत्वको अंश मात्र हो । यसलाई त्रिलोकको चित्रमा उल्टो वृक्षको रूपमा देखाइएको छ किनकि यसका बीजरूप परमात्मा पिता जोकि जन्म-मरण रहित हुनुहुन्छ, माथि रहनुहुन्छ ।

**(२) सूक्ष्म देवताहरूको लोक :** यस मानव लोकको सूर्य तथा तारागणको पर तथा आकाश तत्व भन्दा पनि पर एक सूक्ष्म लोक छ जहाँ प्रकाशै प्रकाश छ । त्यस प्रकाशको थोरै अंशमा ब्रह्मा, विष्णु तथा महादेव शंकरका अलग-अलग पुरीहरू छन् । यी देवताहरूका शरीर हाड-मासुका होइनन् बरू प्रकाशका छन् । यिनीहरूलाई दिव्य आँखाद्वारा मात्र देख्न सकिन्छ । त्यहाँ दुःख अथवा अशान्ति हुँदैन । यहाँ संकल्पहरू हुन्छन् कियाहरू पनि हुन्छन्, कुराकानी पनि हुन्छ तर आवाज भने हुँदैन ।

**(३) ब्रह्मलोक वा परलोक :** यी दुबै धामहरूभन्दा पनि पर एउटा अर्को लोक छ जसलाई ‘ब्रह्मलोक’, ‘परलोक’, ‘निर्वाणधाम’, ‘मुक्तिधाम’, ‘शान्तिधाम’, ‘शिवलोक’ इत्यादि नाऊँहरूले याद गरिन्छ । यसमा सुनौला रातो रंगको प्रकाश फैलिएको छ जसलाई नै ‘ब्रह्मतत्व’, छैठौं तत्व अथवा महतत्व भन्न सकिन्छ । यसको एक अंशमात्रमा ज्योतिर्बिन्दु आत्माहरू मुक्तिको अवस्थामा रहन्छन् । यहाँ हरेक धर्मका आत्माहरूका समूह (Sections) छन् ।

तीं सबैको माथि सदामुक्त चैतन्य ज्योतिर्बिन्दु रूप परमात्मा सदाशिवको निवासस्थान छ । यस लोकमा मानव आत्माहरू कल्पको अन्तमा सृष्टिको महाविनाश भएपछि आफ्नो-आफ्नो कर्मको फल भोग गरेर तथा पवित्र भएर नै जान्छन् । यहाँ मानव आत्माहरू कर्म-बन्धन, देह-बन्धन तथा जन्म-मरणबाट रहित हुन्छन् । यहाँ न त संकल्प नै छ, न त वचन (बोली) नै छ, न त कर्म नै हुन्छ । यस लोकमा परमपिता परमात्मा शिव वाहेक अन्य कुनै ‘गुरू’ आदिले लैजान सक्दैन । यस लोकमा जानु नै अमरनाथ, रामेश्वरम् अथवा विश्वेश्वरनाथको सही यात्रा गर्नु हो, किनकि अमरनाथ परमात्मा शिव यहीँ रहनुहुन्छ ।

# एउटा आश्चर्यजनक कुरा

प्राय: सबै मानिसहरू परमात्मालाई 'हे पिता', 'हे दु:खहर्ता', र 'सुखकर्ता प्रभु' इत्यादि सम्बन्धसूचक शव्दहरूले याद गर्दछन् । तर यो कति आश्चर्यको कुरा छ कि जसलाई उनीहरू 'पिता' भनेर बोलाउँछन् उहाँको सत्य र स्पष्ट परिचय नै थाहा छैन तथा उहाँसँग राम्रो सम्बन्ध र स्नेह पनि छैन ! परिचय र प्यार नहुनाले नै परमात्मालाई याद गर्दा खेरि उनीहरूको मन एक ठाउँमा एकाग्र हुँदैन । अर्थात् उनीहरूलाई परमपिता परमात्माबाट शान्ति र सुखको जो जन्मसिद्ध अधिकार प्राप्त हुनु पर्ने हो त्यो प्राप्त भएको हुँदैन । उनीहरू न त परमपिता परमात्मासँगको वास्तविक सुख अनुभव गर्न सक्दछन्, न त उहाँबाट ज्ञान र शक्ति नै प्राप्त गर्न सक्दछन्, न त उनीहरूको संस्कार तथा जीवनमा कुनै विशेष परिवर्तन नै आउँछ । यसैले यहाँ हामीहरू उनै परमपिता परमात्माको संक्षिप्त परिचय दिइरहेका छौं जो कि सर्व-लोक-कल्याणार्थ उहाँले नै हामीलाई सम्झाउनुभएको छ, अनुभव गराउँनुभएको छ र अहिले पनि गराउँदै हुनुहुन्छ ।

## परमपिता परमात्माको दिव्य नाम र उहाँको महिमा

परमपिता परमात्माको नाम 'शिव' हो । 'शिव' को अर्थ कल्याणकारी हो । परमपिता परमात्मा शिव नै ज्ञानका सागर, शान्तिका सागर, आनन्दका सागर र प्रेमका सागर हुनुहुन्छ । उहाँ नै पतितलाई पावन बनाउने, मानिसमात्रलाई शान्तिधाम तथा सुखधामको बाटो देखाउने र सर्व प्राणीहरूमाथि दया गर्ने हुनुहुन्छ । मानिसमात्रलाई मुक्ति र जीवन्मुक्ति अथवा गति र सद्गतिको वरदान दिने पनि एकमात्र उहाँ नै हुनुहुन्छ । उहाँ दिव्य-बुद्धिको दाता र दिव्य-दृष्टिको वरदाता पनि हुनुहुन्छ । मानवआत्माहरूलाई ज्ञानरूपी सोम अथवा अमृतको स्वादन गराउने तथा अमर पदको वरदान दिने भएको कारणले नै उहाँलाई सोमनाथ तथा अमरनाथ इत्यादि नाउँ बाट पुकार गरिन्छ । उहाँ जन्म-मरणबाट सदा मुक्त, सदा एक-रस र सदा जागृत ज्योति, 'सदाशिव' हुनुहुन्छ ।


## परमपिता परमात्माको दिव्य-रूप

परमपिता परमात्माको दिव्य-रूप एक 'ज्योतिर्बिन्दुको' समान जलेको बत्ती जस्तो छ । त्यो रूप धेरै नै निर्मल, स्वर्णमय रातो र मनमोहक छ । त्यस दिव्य ज्योतिर्मय रूपलाई दिव्य-चक्षुद्वारा देख्न सकिन्छ र दिव्य-बुद्धिद्वारा नै अनुभव गर्न सकिन्छ । परमपिता परमात्माको त्यस ज्योतिर्बिन्दु रूपको प्रतिमा भारतमा 'शिवलिङ्ग' नामबाट पुजिन्छ र उहाँको अवतरणको यादगारमा 'महाशिवरात्रि' पनि मनाइन्छ ।

## निराकारको अर्थ

लगभग सबै धर्मका अनुयायीहरू परमात्मालाई 'निराकार' मान्दछन् । तर यस शब्दबाट उनीहरूले यो अर्थ लिन्छन् कि परमात्माको कुनै पनि आकार (रूप) छैन । अब परमपिता परमात्मा शिवले भन्नुहुन्छ कि यस्तो सम्झनु भूल हो । वास्तवमा 'निराकारको' अर्थ हो कि परमपिता 'साकार' हुनुहुन्न अर्थात् न त उहाँको मानिसको जस्तो साकार शरीर छ न देवताहरूको जस्तो सूक्ष्म आकारी शरीर छ बरू उहाँको स्वरूप अशरीरी छ अर्थात् ज्योतिर्बिन्दु समान छ । बिन्दुलाई 'निराकार' नै भनिन्छ । अत: यो एउटा आश्चर्यजनक कुरा छ कि परमपिता परमात्मा सूक्ष्मातिसूक्ष्म एक ज्योति-कण समान हुनुहुन्छ तर आज प्राय: मानिसहरू यही भन्दछन् कि उहाँ कण-कणमा हुनुहुन्छ !

# निराकार परमात्मा र उहाँका दिव्य गुणहरू



# सबै आत्माहरूका पिता निराकार परमात्मा



# सबै आत्माहरूका पिता परमात्मा एक हुनुहुन्छ र उहाँ निराकार हुनुहुन्छ

प्रायः सर्व धर्मका व्यक्तिहरूले के भन्छन् भने परमात्मा एक हुनुहुन्छ र उहाँ सबैका पिता हुनुहुन्छ त्यसैले सबै मानिसहरू आपसमा भाइ-भाइ हुन् । तर प्रश्न उठ्छ कि पारलौकिक परमपिता को हुनुहुन्छ, जसलाई सबैले मान्दछन् ? तपाईहरूले स्वीकार गरेकै कुरा हो कि हुनत प्रत्येक धर्मका धर्मपिताहरू अलग-अलग छन् तर पनि प्रत्येक धर्मका अनुयायीहरू निराकार ज्योति-स्वरूप परमात्मा शिवको प्रतिमा (शिवलिङ्ग) लाई कुनै न कुनै रूपमा मान्यता दिन्छन् । नेपाल र भारतवर्षमा ठाउँ-ठाउँमा परमपिता परमात्मा शिवका मन्दिर छन् र भक्तहरू 'ॐ नमः शिवाय' अर्थात् 'तिमी नै मातापिता हौ' इत्यादि शब्दले उहाँको गायन तथा पूजन पनि गर्दछन् र शिवलाई श्री कृष्ण तथा श्रीराम इत्यादि देवताहरूको पनि देव अर्थात् परमपूज्य मान्दछन् । तर नेपाल र भारतभन्दा बाहिर, अरू धर्मका मानिसहरूले पनि शिवलाई मान्दछन् । यहाँ चित्रमा देखाइएको छ कि शिवको स्मृति चिह्न सबै धर्ममा छ ।

अमरनाथ, विश्वनाथ, सोमनाथ र पशुपतिनाथ आदि मन्दिरहरूमा परमपिता परमात्मा शिवका स्मरण चिन्हहरू छन् । 'गोपेश्वर' तथा 'रामेश्वरका' मन्दिरहरूमा स्पष्ट छ कि 'शिव' श्रीकृष्ण तथा श्रीरामका पनि पूज्य हुनुहुन्छ । राजा विक्रमादित्यले पनि शिवको पूजा गर्नुहुन्थ्यो । मुसलमानहरूको मुख्य तीर्थ मक्कामा पनि एक यस्तै आकारको ढुंगा (शिला) छ र सबै मुसलमान यात्रीहरू यसलाई बडो प्यार वा सम्मानले चुम्बन गर्दछन् । त्यसलाई उनीहरूले 'संगे-असवद्' भन्दछन् र इब्राहीम तथा मुहम्मदद्वारा त्यसको स्थापना गरिएको मान्दछन् । तर आज उनीहरूपनि यस रहस्यलाई जान्दैनन् । उनीहरूको धर्ममा बुतपरस्ती (प्रतिमापूजा) को मान्यता नभए तापनि यस आकारको ढुंगाको किन स्थापना गरियो र त्यसलाई त्यति प्यारले चुम्बन गर्ने प्रथा किन चल्यो ? इटालीमा कयौं रोमन क्याथोलिक इसाईहरू पनि यसै आकारको प्रतिमालाई आफ्नो ढंगले पुज्दछन् । ईसाइहरूका धर्मसंस्थापक इसाले तथा सिक्ख धर्मका धर्म-संस्थापक नानकले पनि परमात्मालाई एक निराकार ज्योति (Kindly Light) नै मानेका छन् । यहूदीहरू परमात्मालाई 'जेहोवा' (Jehovah) नाउँले पुकार गर्दछन् जो नाम शिव (Shiva) को नै रूपान्तर गरिएको प्रतीत हुन्छ । जापानमा पनि बौद्ध धर्मका कतिपय अनुयायीहरू यसै प्रकारको प्रतिमालाई आफ्नो अगाडि राखेर त्यसमाथि आफ्नो मन एकाग्र गर्दछन् तथा महावीरले पनि ज्योति स्वरूपमा नै ध्यान एकाग्र गर्नको लागि भनेका थिए ।

तर समयान्तरमा सबै धर्मका मानिसहरू के मूल कुरा बिर्सन पुगे भने शिवलिङ्ग सबै मानवआत्माहरूको परमपिता परमात्माको स्मरण चिह्न हो । यदि मुसलमानहरू यस कुरालाई जान्दथे भने उनीहरू सोमनाथको मन्दिरलाई कहिले पनि लुट्ने थिएनन् बरू मुसलमान, ईसाई आदि सबै धर्मका अनुयायी भारतलाई परमपिता परमात्माको अवतरण-भूमि मानेर यसलाई आफ्नो सबभन्दा मुख्य तीर्थ मान्ने थिए र यस प्रकार संसारको इतिहास नै केही भिन्न हुने थियो । तर एक पितालाई बिर्सिनाको कारणले संसारमा लडाई-झगडा दुःख तथा क्लेश भएको छ र सबै टुहुरा तथा कङ्गाल भएका छन् ।

# परमपिता परमात्मा र उहाँको दिव्य कर्तव्य

सन्मुखमा परमपिता परमात्मा ज्योति-विन्दु शिवको जो चित्र दिइएको छ, त्यसद्वारा सम्झाइएको छ कि कलियुगको अन्त्यमा धर्म-ग्लानि अथवा अज्ञान-रात्रिको समयमा, शिव सृष्टिको कल्याण गर्नको लागि सबभन्दा पहिले तीन सूक्ष्म देवता - ब्रह्मा, विष्णु र शंकरलाई रच्नुहुन्छ। यसै कारणले शिवलाई 'त्रिमूर्ति शिव' भनिन्छ। तीन देवताहरूलाई रचिसकेपछि उहाँ स्वयं यस मानवलोकमा एक साधारण एवं वृद्ध भक्तको शरीरमा अवतरित हुनुहुन्छ जसको नाऊँ उहाँले 'प्रजापिता ब्रह्मा' राख्नुहुन्छ।

## प्रजापिता ब्रह्माद्वारा स्थापना

प्रजापिता ब्रह्माद्वारा नै परमात्मा शिव मानवआत्माहरूको पिता, शिक्षक तथा सद्गुरूको रूपमा भेटिनुहुन्छ र सहज गीता-ज्ञान तथा सहज राजयोग सिकाएर उनीहरूको सद्गति गर्नुहुन्छ अर्थात् जीवन-मुक्ति दिनुहुन्छ र स्वर्णिम सत्ययुगको स्थापना गर्नुहुन्छ।

## शंकरद्वारा कलियुगी सृष्टिको महाविनाश

कलियुगको अन्त्यमा प्रजापिता ब्रह्माद्वारा सत्ययुगी दैवी सृष्टिको स्थापनाको साथसाथै परमपिता परमात्मा शिव पुरानो आसुरी सृष्टिको महाविनाशको तैयारी पनि शुरू गराइदिनुहुन्छ। परमात्मा शिव शंकर द्वारा विज्ञान-गर्वित (Science Proud) तथा विपरीत-बुद्धि अमेरिकनहरू तथा यूरोप-वासी (यादव) हरूलाई प्रेरित गरेर उनीहरूद्वारा एटम र हाईड्रोजन बम तथा मिसाइल्स (Missiles) तैयार गराउनुहुन्छ जसलाई कि महाभारतमा 'मूसल' तथा 'ब्रह्मास्त्र' भनिएको छ। यता उनीहरू जो भारतमा पनि देह-अभिमानी (शरीर भानमा रहने) धर्म-भ्रष्ट तथा विपरितबुद्धि हुनेहरू (जसलाई महाभारतको भाषामा कौरव भनिएको छ) लाई पारस्परिक युद्ध (Civil war) को लागि प्रेरित गर्नुहुन्छ।

## विष्णुद्वारा पालना

विष्णुका चार भुजाहरू मध्ये दुई भुजा (पाखुरा) श्रीनारायण र दुई भुजा श्रीलक्ष्मीका प्रतीक हुन्। शंख उहाँको पवित्र वचन अथवा ज्ञान-घोषको निशानी हो, 'स्वदर्शन-चक्र' आत्मा (स्व) को अथवा सृष्टि चक्रको ज्ञानको प्रतीक हो, 'कमल पुष्प' संसारमा रहेरपनि अलिप्त तथा पवित्र रहने सूचक हो तथा 'गदा' मायामाथि अथवा पाँच विकारहरूमाथि विजयको चिन्ह हो। अतः मानवआत्माहरूको अगाडि विष्णु चतुर्भुजको लक्ष्य राखेर परमात्मा पिता सम्झाउनुहुन्छ कि यी अलंकारहरूलाई धारण गर्नाले अर्थात् यिनीहरूको रहस्यलाई आफ्नो जीवनमा लागु गर्नाले नर श्रीनारायण र नारी श्रीलक्ष्मी पद प्राप्त गर्दछन् अर्थात् मानिसहरू दुइटा ताज (श्रीपेंच) भएको देवी वा देवता पद पाउन सक्दछन्। यी दुइटा ताजहरूमध्ये एक ताज प्रकाश अर्थात् प्रभामण्डल (Crown of Light) हो जो पवित्रता वा शान्तिको प्रतीक हो र दोस्रो रत्न-जडित सुनको ताज हो जो सम्पत्ति अथवा सुखको वा राज्य-भाग्यको सूचक हो।


यस प्रकार परमपिता परमात्मा शिव सत्ययुगी तथा त्रेतायुगी पवित्र, दैवी सृष्टि (स्वर्ग) को पालनाको संस्कार भर्नुहुन्छ। जसको फलस्वरूप नै सत्ययुगमा श्रीनारायण एवं श्रीलक्ष्मी (जो पूर्व जन्ममा प्रजापिता ब्रह्मा र सरस्वती थिए) तथा सूर्यवंशका अन्य राजा प्रजाको पालनाको कार्य गर्दछन् र त्रेतायुगमा श्रीसीता वा श्रीराम र अन्य चन्द्रवंशी राजा राज्य गर्दछन्।

ज्ञात रहोस् कि वर्तमान समयमा परमपिता परमात्मा शिव प्रजापिता ब्रह्माद्वारा तथा तीनै देवताहरूद्वारा उपरोक्त कर्त्तव्य गराइरहनुभएको छ। अब हाम्रो कर्तव्य हो परमपिता परमात्मा शिव तथा प्रजापिता ब्रह्मासँग आफ्नो आत्मिक सम्बन्ध जोडेर पवित्र बन्ने पुरुषार्थ गरौं तथा सच्चा वैष्णव बनौं। मुक्ति तथा जीवन-मुक्तिको ईश्वरीय जन्मसिद्ध अधिकारको लागि पूरा पुरुषार्थ गरौं।

# परमात्मा तथा उहाँको दिव्य कर्त्तव्य



# परमात्माको दिव्य अवतरण



# परमात्माको दिव्य अवतरण

शिवको अर्थ हो ‘कल्याणकारी’। परमात्माको यो नाउँ यसरी परेको हो कि उहाँ धर्म-ग्लानिको समयमा जब सबै मानवआत्माहरू माया (पाँच विकारहरू) को कारण दुःखी, अशान्त, पतित एवं भ्रष्टाचारी बन्दछन् तब उनीहरूलाई पुनः पावन तथा सम्पूर्ण सुखी बनाउने कल्याणकारी कर्त्तव्य गर्नुहुन्छ। शिव ब्रह्मलोकमा निवास गर्नुहुन्छ। उहाँ कर्मभ्रष्ट र धर्म-भ्रष्ट संसारको उद्धार गर्नको लागि ब्रह्मलोकदेखि तल उत्रेर एउटा मानिसको शरीरको आधार लिनुहुन्छ। परमात्मा शिवको यस अवतरण अथवा दिव्य एवं अलौकिक जन्मको पुनीत स्मृतिमा नै ‘शिवरात्रि’ अर्थात् शिवजयन्तीको उत्सव मनाइने गरिन्छ।

परमात्मा शिव जुन साधारण एवं बूढो मानिसको शरीरमा अवतरित हुनुहुन्छ उनलाई उहाँले परिवर्तनपछि ‘प्रजापिता ब्रह्मा’ नाउँ दिनुहुन्छ। त्यसको यादगारमा नै शिवको प्रतिमा अगाडि उहाँको सवार (वाहन) ‘नन्दी-गण’ देखाइएको हुन्छ किनकि परमात्मा पिता सबै आत्माहरूका माता-पिता हुनुहुन्छ, त्यसकारण उहाँले कुनै आमाको गर्भबाट जन्म लिनु हुन्न बरू ब्रह्माको शरीरमा संनिवेश (प्रवेश) नै उहाँको दिव्य जन्म वा अवतरण हो। गायन पनि छ -“अजन्मा परमात्मा शिवको दिव्य जन्मको रीति अनौठो (न्यारो)।”

परमात्मा शिव कुनै पुरुषको बीजबाट अथवा आमाको गर्भबाट जन्म लिनुहुन्न किनकि उहाँ स्वयं नै सबैको माता-पिता हुनुहुन्छ, मानव सृष्टिको चैतन्य बीजरूप हुनुहुन्छ तथा जन्म-मरण र कर्म-बन्धनबाट मुक्त हुनुहुन्छ। अत : उहाँ एक साधारण मानिसको बुढो अवस्था भएको शरीरमा प्रवेश गर्नुहुन्छ, यसलाई नै परमात्मा शिवको दिव्य जन्म अथवा अवतरण पनि भन्न सकिन्छ किनकि जुन शरीरमा उहाँले प्रवेश गर्नुहुन्छ त्यो एउटा जन्म-मरण तथा कर्म-बन्धनको चक्करमा आउने मानिसको नै शरीर हुन्छ, परमात्माको आफ्नो शरीर हुँदैन।

अतः चित्रमा यो देखाइएको छ कि जब सम्पूर्ण सृष्टि माया (अर्थात् काम, कोध, लोभ, मोह, अहंकार) आदि पाँच विकारहरूको पन्जामा फस्दछ तब परमात्मा शिव, जो कि आवागमनको चक्करबाट मुक्त हुनुहुन्छ, मानवआत्माहरूलाई पवित्रता, सुख र शान्तिको वरदान दिएर मायाको पन्जाबाट छुटाउनुहुन्छ। उहाँले नै सहज ज्ञान र राजयोगको शिक्षा दिनुहुन्छ तथा सबै आत्माहरूलाई परमधाममा लैजानुहुन्छ र मुक्ति एवं जीवनमुक्तिको वरदान दिनुहुन्छ।

शिवरात्रिको चाड फाल्गुन महिना, जो कि विक्रम सम्बत्को अन्तिम महिना हुन्छ, त्यसैमा पर्दछ। त्यस समयमा कृष्ण पक्षको चतुर्दशी हुन्छ र पूर्ण अन्धकार हुन्छ। त्यस पश्चात शुक्ल पक्षको शुरुवात हुन्छ र केही दिनपछि नयाँ सम्वत् प्रारम्भ हुन्छ। अतः रात्रि जस्तै फाल्गुन महिनाको चतुर्दशी पनि आत्माहरूको अज्ञान, अन्धकार, विकार अथवा आसुरी लक्षणहरूको पराकाष्ठाको अन्तिम चरणको बोधक हो। यसपछि आत्माहरूको शुक्लपक्ष अथवा नयाँ कल्प प्रारम्भ हुन्छ, अर्थात् अज्ञान र दुःखको समयको अन्त्य हुन्छ तथा पवित्रता तथा सुखको समय शुरू हुन्छ।

परमात्मा शिव अवतरित भएर आफ्नो ज्ञान, योग तथा पवित्रताद्वारा आत्माहरूमा आध्यात्मिक जागृति उत्पन्न गर्नुहुन्छ। यसै महत्वको फलस्वरूप भक्तजन शिवरात्रिमा जागरण गर्दछन्। यस दिन मानिसहरू उपवास व्रत आदि पनि बस्दछन्। उपवास (उप = निकट, वास = रहनु) को वास्तविक अर्थ नै हो परमात्माको सम्मुख हुनु। अब परमात्मासँग योगयुक्त हुनको लागि पवित्रताको व्रत लिनु जरुरी छ।

# शिव र शंकरमा फरक र शिवरात्रि

धेरै जसो मानिसहरूले शिव र शंकरलाई एउटै मान्दछन् तर वास्तवमा यी दुइटामा भिन्नता छ। तपाईहरूले देख्नुभएकै छ कि दुवैका प्रतिमाहरूपनि अलग-अलग आकार भएका छन्। शिवको प्रतिमा अण्डाकार अथवा अगुंष्ठाकार हुन्छ भने महादेव शंकरको प्रतिमा चाहिं शारीरिक आकार भएको हुन्छ। यहाँ ती दुवैको अलग-अलग परिचय स्वयं परमपिता परमात्मा शिवले हामीलाई बताएको तथा अनुभव गराएको अनुसार नै स्पष्ट गरिएको छ।

**महादेव शंकर**

(१) उहाँ ब्रह्मा र विष्णु जस्तै सूक्ष्म शरीरधारी हुनुहुन्छ। उहाँलाई 'महादेव' भनिन्छ तर उहाँलाई परमात्मा भनिदैन।

(२) उहाँ ब्रह्मा देवता र विष्णु देवता जस्तै सूक्ष्मलोक शंकरपुरीमा निवास गर्नुहुन्छ।

(३) ब्रह्मा देवता र विष्णु देवता जस्तै उहाँ पनि परमात्मा शिवको रचना हुनुहुन्छ।

(४) उहाँ केवल महाविनाशको कार्य गर्नुहुन्छ, स्थापना र पालनाको कर्तव्य उहाँको होइन।

**परमपिता परमात्मा शिव**

(१) उहाँ चेतन ज्योति-बिन्दु हुनुहुन्छ र उहाँको आफ्नो स्थूल वा सूक्ष्म शरीर छैन। उहाँ परमात्मा हुनुहुन्छ।

(२) उहाँ ब्रह्मा, विष्णु तथा शंकरको लोक अर्थात् सूक्ष्म देवलोक भन्दा पनि पर 'ब्रह्मलोक' (मुक्तिधाम) मा वास गर्नुहुन्छ।

(३) उहाँ बह्मा, विष्णु तथा शंकरको पनि रचयिता अर्थात् 'त्रिमूर्ति' हुनुहुन्छ।

(४) उहाँ ब्रह्माद्वारा स्थापना, शंकरद्वारा महाविनाश र विष्णुद्वारा नयाँ विश्वको पालना गराएर विश्वको कल्याण गर्नुहुन्छ।

**शिवको जन्मोत्सव रात्रिमा किन ?**

(१) 'रात्रि' वास्तवमा अज्ञान, तमोगुण अथवा पापाचारको निशानी हो। अतः द्वापर-युग र कलियुगको समय 'रात्रि' भनिन्छ। कलियुगको अन्त्यमा जबकि साधु, संन्यासी, गुरू, आचार्य इत्यादि सबै मानिसहरू पतित तथा दुःखी हुन्छन् र अज्ञान निन्द्रामा सुतेका हुन्छन् जब धर्मको ग्लानि हुन्छ र जब यो भारत तथा विश्व विषय-विकारहरूको कारण वेश्यालय बनेको हुन्छ, तब पतित-पावन परमपिता परमात्मा शिव यस सृष्टिमा दिव्य जन्म लिनुहुन्छ। त्यसैले अरू सबैको जन्मोत्सवलाई 'जन्मदिन' को रूपमा मनाइन्छ तर परमात्मा शिवको जन्मदिनलाई 'शिवरात्रि' (Birth Night) नै भनिन्छ। अतः यहाँ चित्रमा जो कालिमा (कालोपन) अथवा अन्धकार देखाइएको छ त्यो अज्ञानान्धाकार अथवा विषय-विकारहरूको द्योतक हो।


**ज्ञान सूर्य शिव प्रकट हुनाले सृष्टिबाट**
**अज्ञानान्धाकार तथा विकारहरूको नाशः**

जब यस प्रकार अवतरण भएर ज्ञान-सूर्य परमपिता परमात्मा शिव ज्ञान-प्रकाश दिनुहुन्छ, केही समयमा नै ज्ञानको प्रभाव सारा विश्वमा फैलिन्छ र कलियुग तथा तमोगुणको ठाउँमा संसारमा सत्ययुग र सतोगुणको स्थापना हुन्छ अनि अज्ञान-अन्धकार तथा विकारहरूको विनाश हुन्छ। सारा कल्पमा परमपिता परमात्मा शिवको एक अलौकिक जन्मबाट थोरै समयमा यो सृष्टि वेश्यालयबाट बदलिएर शिवालय बन्दछ र नरलाई श्रीनारायण तथा नारीलाई श्रीलक्ष्मी पदको प्राप्ति पनि हुन्छ। त्यसैले शिवरात्रि हीरासमान छ।

# शिव र शंकरमा फरक र शिवरात्रि



# एउटा महान् गल्ती (भूल)



# एउटा महान् गल्ती (भूल)

यो कति आश्चर्यको कुरा छ कि एकातिर मानिसहरू परमात्मालाई 'माता-पिता' र 'पतित-पावन' मान्दछन् भने अर्कोतिर भन्दछन् 'परमात्मा' सर्वव्यापी हुनुहुन्छ अर्थात् उहाँ ढुंगा-मुढा, साँप, बिच्छु, बराह, मगरमच्छ (गोही), चोर, डाँकु, सबैमा हुनुहुन्छ । अहो ! आफ्नो परम प्यारो, परम पावन, परमपिताको बारेमा यो भन्नु कि उहाँ कुकुर, बिरालो, सबैमा हुनुहुन्छ यो कत्ति ठूलो भूल हो ! कत्ति ठूलो पाप हो ! ! जो पिताले हामीलाई मुक्ति र जीवनमुक्तिको जन्मसिद्ध अधिकार दिनुहुन्छ र हामीलाई पतितबाट पावन बनाएर स्वर्गको राज्य दिनुहुन्छ उहाँको लागि यस्ता शव्दहरू भन्नुको मतलब उहाँप्रति कृतघ्न बन्नु त हो नि ! !

यदि परमात्मा सर्वव्यापी हुनुहुन्थ्यो भने उहाँको शिवलिङ्ग रूपको पूजा किन हुन्छ ? यदि उहाँ यत्र-तत्र सर्वत्र हुनुहुन्थ्यो भने उहाँले दिव्य जन्म कसरी लिनुहुन्छ ? मानिसहरू उहाँको अवतरणको लागि किन पुकार गर्थे तथा शिवरात्रिको चाड किन मनाइन्छ ? यदि परमात्मा सर्वव्यापी हुनुहुन्थ्यो भने उहाँले गीता-ज्ञान कसरी दिनुहुन्थ्यो र गीतामा लेखिएका यी महावाक्यहरू कसरी सत्य सिद्ध हुन्थे -"म परम पुरुष (पुरुषोत्तम) हुँ, म सूर्य र तारागणको प्रकाशको पहुँचबाट पनि पर परमधामको निवासी हुँ, यो सृष्टि एक उल्टो वृक्ष हो । म यसको बीज हुँ र म माथि बस्दछु ।"

"परमात्मा सर्वव्यापी हुनुहुन्छ" भन्ने मान्यतालाई भक्ति र ज्ञानले समेत खण्डन गरिसकेका छन् । किनभने यदि ज्योतिस्वरूप भगवान्को कुनै नाम र रूप नै हुँदैन भने उहाँसँग न त सम्बन्ध (योग) जोड्न सकिन्छ, न त उहाँप्रति स्नेह र भक्ति नै प्रकट गर्न सकिन्छ । न त उहाँको नाउँ र कर्त्तव्यको नै चर्चा हुन सक्दछ, जबकि ज्ञानको अर्थ नै कसैको नाम, रूप, धाम, गुण, कर्म, स्वभाव, सम्बन्ध उसबाट हुने प्राप्ति इत्यादिको परिचय हो । अतः परमात्मालाई सर्वव्यापी मानेको कारणले आज मानिस 'मन्मनाभव' (मनमनले याद गर्नु) तथा 'मामेकं शरणं ब्रज' (मेरो मात्र शरणमा पर) को ईश्वराज्ञामाथि चल्न सक्दैनन् अर्थात् बुद्धिमा एक ज्योतिस्वरूप परमपिता परमात्मा शिवको याद धारण गर्न सक्दैनन् र उहाँसँग स्नेह र सम्बन्ध जोड्न सक्दैनन् बरू उनीहरूको मन भट्किरहेको हुन्छ । परमात्मा चैतन्य हुनुहुन्छ उहाँ हाम्रो परमपिता हुनुहुन्छ, पिता कहिले पनि सर्वव्यापी हुन सक्नुहुन्न ! अतः परमपिता परमात्मालाई सर्वव्यापी मान्नाले नै सबै नर-नारी योगभ्रष्ट तथा पतित भइसकेका छन् परमपिताको पवित्रता, सुख, शान्ति रूपी पुर्खौली सम्पत्तिबाट वञ्चित भई दुःखी तथा अशान्त छन् ।

अतः भक्तहरूको यो कथन कि -'परमात्मा घट-घट व्यापी हुनुहुन्छ' यसको पनि शब्दार्थ लिनु ठीक हुँदैन । वास्तवमा 'घट' अर्थात् 'हृदयलाई' प्रेम एवं यादको स्थान मानिएको छ । द्वापर युगको शुरूमा मानिसहरूमा ईश्वर भक्ति अथवा प्रभुमा आस्था एवं श्रद्धा धेरै थियो । कुनै एक दुई व्यक्ति मात्र यस्ता हुन्थे जो परमात्मालाई मान्दैन थिए होलान् । अतः त्यस समयमा भावविभोर भक्तहरू यो भनिदिने गर्दथे कि ईश्वर घट-घटवासी हुनुहुन्छ अर्थात् उहाँलाई सबैले याद र प्यार गर्दछन् र सबैको मनमा ईश्वरको चित्र बसिरहेको हुन्छ । यी शव्दहरूको अर्थ लिनु कि स्वयं ईश्वर नै सबैको हृदयमा बसिरहनु भएको छ, यो सरासर भूल (गल्ती) हो ।

# सृष्टिरूपी उल्टो, अद्‌भुत वृक्ष र त्यसका बीजरूप परमात्मा

भगवानले यस सृष्टिरूपी वृक्षको तुलना उल्टो वृक्षसँग गर्नु भएको छ किनकि अरू वृक्षहरूको बीउ जमिन भित्र रोपिन्छ र वृक्षमाथितिर उम्रन्छ तर मानवसृष्टिरूपी वृक्षका जो अविनाशी र चेतन बीउ परमपिता परमात्मा शिव हुनुहुन्छ उहाँ आफै माथि परमधाम अथवा ब्रह्मलोकमा निवास गर्नुहुन्छ।

चित्रमा सबभन्दा तल कलियुगको अन्त्य र सत्ययुगको प्रारम्भको संगमयुग देखाइएको छ। त्यहाँ श्वेतवस्त्रधारी प्रजापिता ब्रह्मा, जगदम्मा सरस्वती तथा केही ब्राह्मणहरू र ब्राह्मणीहरू सहज राजयोगको स्थितिमा बसेकाछन्। यस चित्रबाट यो रहस्य प्रकट गरिएको छ कि कलियुगको अन्त्यमा अज्ञानरूपी रात्रिको समयमा सृष्टिका बीजरूप, कल्याणकारी, ज्ञानसागर परमपिता परमात्मा शिव नयाँ, पवित्र सृष्टि रच्ने संकल्पले प्रजापिता ब्रह्माको शरीरमा अवतरित (प्रविष्ट) हुनुभयो र उहाँले प्रजापिता ब्रह्माको मुख-कमलद्वारा मूल-गीता-ज्ञान तथा सहज राजयोगको शिक्षा दिनुभयो, जसलाई धारण गर्ने नर-नारी 'पवित्र ब्राह्मण' भनिए। यी ब्राह्मण र ब्राह्मणीहरू-सरस्वती इत्यादि जसलाई नै "शिव-शक्तिहरू" पनि भनिन्छ, प्रजापिता ब्रह्माको मुखबाट (ज्ञानद्वारा) उत्पन्न भए। यस छोटो युगलाई 'संगमयुग' भनिन्छ। यो युगलाई सृष्टिको 'धर्माऊ युग' (Leap yuga) पनि भनिन्छ र यसैलाई 'पुरुषोत्तम युग' अथवा 'गीता युग' (Geeta Epoch) पनि भनिन्छ।

सतयुगमा श्रीलक्ष्मी र श्रीनारायणको अटल, अखण्ड, निर्विघ्न र अति सुखकारी राज्य थियो। किम्बदन्ती छ कि त्यस समयमा दूध र घ्यूको नदी बग्दथ्यो तथा बाघ र गाई पनि एउटै तलाउमा पानी पिउने गर्थे। त्यस समयको भारत (विश्व) दुइटा श्रीपेंच भएको (Double Crowned) थियो। सबै सदा स्वास्थ्य (Ever Healthy) सदा धनवान (Ever wealthy) सदा सुखी (Ever Happy) थिए। त्यस समयमा काम, क्रोधादि विकारहरूको लडाई अथवा हिंसा तथा अशान्ति एवं दुःखको नाम निशान पनि थिएन। त्यस समयको भारत (विश्व) लाई 'स्वर्ग' 'वैकुण्ठ', 'बहिश्त', 'सुखधाम' अथवा 'हैविनली एवोड' (Heavenly Abode) भनिएको छ। त्यस समय सबै जीवनमुक्त र पूज्य थिए। उनीहरूको औसत आयु १५० वर्ष थियो। त्यस युगका मानिसहरूलाई 'देवता वर्ण' भनिन्छ। पूज्य विश्वमहारानी श्रीलक्ष्मी तथा पूज्य विश्वमहाराजन श्रीनारायणको सूर्य वंशमा जम्मा ८ (आठ) सूर्यवंशी महारानी तथा महाराजा भए जसले कि १२५० वर्ष सम्म चक्रवर्ती राज्य गरे।

त्रेतायुगमा श्री सीता र श्रीराम चन्द्रवंशी १४ कला गुणवान् र सम्पूर्ण निर्विकारी थिए । उनीहरूको राज्यको पनि भारतमा धेरै महिमा छ।

सत्ययुग र त्रेतायुगको 'आदि सनातन देवी-देवता धर्म वंश' नै यस मानवसृष्टि रूपी वृक्षको तना र मूल हो जसबाट नै पछि अनेक धर्म रूपी शाखाहरू निक्लिन्छन्। द्वापरमा देह अभिमान (शरीरभान) तथा काम, क्रोधादि विकारहरूको प्रार्दुभाव भयो। दैवी स्वभावको स्थान आसुरी स्वभावले लिन शुरू गऱ्यो। सृष्टिमा दुःख र अशान्तिको राज्य पनि शुरू भयो। त्यसबाट बच्नको लागि मानिसहरूले पूजा तथा भक्ति पनि शुरू गरे। ऋषिहरूले शास्त्रको रचना पनि गर्न थाले। यज्ञ, तप आदिको प्रारम्भ भयो।

कलियुगमा मानिसहरू परमात्मा शिवको तथा देवताहरूको अरिरिक्त सूर्य, पीपल, आगो तथा अन्य जड तत्वहरूको पनि पूजा गर्न थाले र एकदम देह-अभिमानी, विकारी र पतित बन्न पुगे। उनीहरूको आहार-व्यवहार, दृष्टि-वृत्ति, मन, वचन र कर्म तमोगुणी र विकाराधीन भइसक्यो।

कलियुगको अन्त्यमा सबै मानिसहरू तमोप्रधान र आसुरी लक्षण भएका हुन्छन्। अतः सत्ययुगी र त्रेतायुगी सतोगुणी दैवी सृष्टि स्वर्ग (वैकुण्ठ) हो र त्यसको तुलनामा द्वापरयुग तथा कलियुगको सृष्टि नै 'नर्क' (Hell) हो।

# सृष्टिरूपी उल्टो, अद्‌भुत वृक्ष र त्यसका बीजरूप परमात्मा ।



# प्रभु मिलनको गुप्त युग–पुरुषोत्तम संगम युग



# प्रभु मिलनको गुप्त युग–पुरुषोत्तम संगम युग

नेपाल र भारतमा आदि सनातन धर्मका मानिसहरू जसरी अरू चाड-पर्वहरू इत्यादिलाई बडो श्रद्धाले मनाउँदछन् त्यसैगरी पुरुषोत्तम महिनालाई पनि मनाउँदछन् । त्यस महिनामा मानिसहरू तीर्थ-यात्राको विशेष महात्म्य मान्दछन् र धेरै दानपुण्य पनि गर्दछन् तथा आध्यात्मिक ज्ञानको चर्चामा पनि धेरै समय दिन्छन् । उनीहरू प्रातः अमृतवेलामा नै गंगास्नान गर्नमा धेरै पुण्य सम्झन्छन् ।

वास्तवमा 'पुरुषोत्तम' शव्द परमपिता परमात्माको नै वाचक हो । जसरी 'आत्मालाई' 'पुरुष' पनि भन्न सकिन्छ त्यस्तै परमात्माको लागि 'परम-पुरुष' अथवा 'पुरुषोत्तम' शव्दको प्रयोग हुन्छ किनकि उहाँ सबै पुरुष (आत्माहरू) भन्दा ज्ञान, शान्ति, पवित्रता र शक्तिमा उत्तम हुनुहुन्छ । 'पुरुषोत्तम महिना' कलियुगको अन्त्य र सत्ययुगको आरम्भको संगमयुगको याद गराउँछ किनकि यस युगमा पुरुषोत्तम (परमपिता) परमात्माको अवतरण हुन्छ । सत्ययुगको प्रारम्भदेखि लिएर कलियुगको अन्त्यसम्म मानवआत्माहरूको जन्म-पुनर्जन्म भइ नै रहन्छ, तर कलियुगको अन्त्यमा सत्ययुग तथा सतधर्मको र उत्तम मर्यादाहरूको पुनः स्थापना गर्नको लागि पुरुषोत्तम (परमात्मा) लाई आउनुपर्दछ । यस 'संगमयुगमा' परमपिता परमात्मा मानवआत्माहरूलाई ज्ञान र सहज राजयोग सिकाएर परमधाम अथवा ब्रह्मलोकमा फिर्ता लैजानु हुन्छ । अन्य मानवआत्माहरूलाई सृष्टिको महाविनाशद्वारा अशरीरी बनाएर मुक्तिधाम लैजानुहुन्छ । यस प्रकार सबै मानवआत्माहरू शिवपुरी अथवा विष्णुपुरीको अव्यक्त एवं आध्यात्मिक यात्रा गर्दछन् र ज्ञानचर्चा अथवा ज्ञानगंगामा स्नान गरेर पावन बन्दछन् । तर आज मानिसहरूले यी रहस्यलाई न जानेको कारणले गंगा नदीमा स्नान गर्दछन् र शिव तथा विष्णुको स्थूल यादगारको यात्रा गर्दछन् । वास्तवमा 'पुरुषोत्तम महिनामा' जुन दानको महत्व छ, त्यो दान पाँच विकारहरूको दान हो । परमपिता परमात्मा जब पुरुषोत्तम संगमयुगमा अवतार हुनुहुन्छ तब नै मानवआत्माहरूलाई दुर्गुणहरू अथवा विकारहरूको दान दिने शिक्षा दिनुहुन्छ । यसप्रकार उनीहरू काम-क्रोधादि विकारहरूलाई त्यागेर, उत्तम मर्यादित बन्दछन् र त्यसपछि सत्ययुग, देवयुग अथवा कृतयुगको आरम्भ हुन्छ । आज यदि यी रहस्यहरू जानेर मानिसहरूले विकारहरूको दान दिए, ज्ञानगंगामा नित्य स्नान गरेर योगद्वारा शरीरबाट अलग भएर सत्य आध्यात्मिक यात्रा गरे भने विश्वमा पुनः सुख, शान्तिसम्पन्न रामराज्य (स्वर्ग) को स्थापना हुनेछ र नर तथा नारी नर्कबाट निक्लेर स्वर्गमा पुगिहाल्नेछन् । चित्रमा पनि यस रहस्यलाई प्रदर्शित गरिएको छ । यहाँ संगमयुगमा श्वेत वस्त्रधारी प्रजापिता ब्रह्मा, जगदम्बा सरस्वती तथा केही मुखवंशावली ब्राह्मण तथा ब्राह्मणीहरूलाई परमपिता परमात्मासँग योग लगाइरहेको देखाइएको छ । यस राजयोगद्वारा नै मनको मैलो सफा हुन्छ, पूर्व विकर्महरू दग्ध हुन्छन् र संस्कारहरू सतोप्रधान बन्दछन् । अतः तलतिर नर्कका मानिसहरू ज्ञान एवं योग अग्नि प्रज्वलित गरेर काम, क्रोध, लोभ, मोह र अहंकारलाई यस सूक्ष्म योग-अग्निमा स्वाहा गरिरहेको देखाइएको छ । यसको फलस्वरूप उनीहरू नरबाट श्री नारायण र नारीबाट श्रीलक्ष्मी बनेर अर्थात् 'मानिसबाट देवता' पदको अधिकार पाएर सुखधाम, वैकुण्ठ अथवा स्वर्गमा पवित्र एवं सम्पूर्ण सुख-शान्ति सम्पन्न स्वराज्यका अधिकारी बनेका छन् ।

ज्ञात रहोस् कि वर्तमान समय संगमयुग चलिरहेको छ । यो कलियुगी सृष्टि नर्क अर्थात् दुःखधाम हो । अब निकट भविष्यमा सत्ययुग आउँदै छ र यही सृष्टि सुखधाम हुनेछ । अतः अब हामीले पवित्र एवं योगी बन्नुपर्दछ ।

# मानिसहरूको ८४ जन्मको अद्‌भुत कथा

मानवआत्माहरू पूरा कल्पमा बढी भन्दा बढी ८४ जन्म लिन्छन् उनीहरूले ८४ लाख योनिहरूमा पुनर्जन्म लिदैनन् । मानवआत्माहरूको ८४ जन्मको चक्रलाई नै यहाँ ८४ सिढीहरूको रूपमा चित्रित गरिएको छ । किनकि प्रजापिता ब्रह्मा र जगदम्बा सरस्वती मानव समाजका आदि पिता र आदि माता हुनुहुन्छ, त्यसैले उहाँहरूको ८४ जन्मको संक्षिप्त उल्लेख गर्नाले अन्य आत्माहरूको पनि त्यही अन्तरगत उल्लेख आइहाल्नेछ । हामी यो कुरा भन्दै आएका छौं कि ब्रह्मा र सरस्वती संगमयुगमा परमपिता परमात्मा शिवको ज्ञान र योगद्वारा सत्ययुगको आरम्भमा श्रीनारायण र श्रीलक्ष्मी पद प्राप्त गर्छन् ।

## सत्ययुग र त्रेतायुगमा २१ जन्म पूज्य देव पद

यहाँ चित्रमा देखाइएको छ कि सत्ययुगको १२५० वर्षमा श्रीलक्ष्मी श्रीनारायण १०० प्रतिशत सुख-शान्ति सम्पन्न ८ जन्म लिन्छन् । त्यसैले नेपाल र भारतमा आठको संख्या शुभ मानिन्छ र कतिपय व्यक्तिहरू केवल ८ मणिकाहरूको माला स्मरण गर्दछन् तथा अष्ट देवताहरूको पूजा पनि गर्दछन् । पूज्य स्थिति भएका यी ८ नारायणी जन्मलाई यहाँ ८ सिढीको रूपमा चित्रित गरिएको छ । फेरि त्रेतायुगको १२५० वर्षमा ती १४ कला सम्पूर्ण श्रीसीता र श्रीरामको वंशमा पूज्य राजा-रानी अथवा उच्च प्रजाका रूपमा १२ जन्म लिन्छन् । एक जन्म संगमयुगको हीरा तुल्य जन्म हुन्छ । यसप्रकार सत्ययुग र त्रेतायुगको कुल २५०० वर्षमा तिनीहरू सम्पूर्ण पवित्रता, सुख-शान्ति र स्वास्थ्य सम्पन्न २१ दैवी जन्म लिन्छन् । त्यसैले प्रसिद्ध छ कि ज्ञानद्वारा मानिसका २१ जन्म अथवा २१ पिढी सुधरिन्छन् अथवा मानिस २१ पिढीसम्म पार भइहाल्छ ।

## द्वापर र कलियुगमा ६३ जन्म जीवन-बद्ध (बन्ध)

फेरि सुखको प्रारब्ध समाप्त भएपछि उनीहरू द्वापरयुगको आरम्भमा पुजारीको स्थितिमा आउँछन् । सबभन्दा पहिला निराकार परमपिता परमात्मा शिवको हीराको प्रतिमा बनाएर अनन्य भावले त्यसको पूजा गर्दछन् । यहाँ चित्रमा उनलाई एक पुजारी राजाको रूपमा शिवको पूजा गरिरहको देखाइएको छ । बिस्तारै-बिस्तारै उनीहरू सूक्ष्म देवताहरू अर्थात् विष्णु तथा शंकरको पनि पूजा गर्दछन् र पछि अज्ञानता अथवा आत्म-विस्मृतिको कारणले उनीहरू आफ्नो नै पहिलेको श्री लक्ष्मी र श्री नारायण रूपको पनि पूजा शुरू गर्दछन् । त्यसैले किम्बदन्ती प्रसिद्ध छ कि "जो स्वयं कहिले काहीँ पूज्य थिए पछि आफैं आफ्ना पुजारी बन्न पुगे ।" श्री लक्ष्मी तथा श्री नारायणको आत्माले द्वापरयुगको १२५० वर्षमा यस्तो पुजारी स्थितिमा भिन्न भिन्न नाम रूपले वैश्य-वंशी भक्त शिरोमणि राजा रानी अथवा सुखी प्रजाको रूपमा कुल २१ जन्म लियो ।


त्यसपछि कलियुगको प्रारम्भ भयो । अब झन सूक्ष्मलोक वा साकारलोकका देवी-देवताहरूको पूजाको अतिरिक्त तत्व-पूजापनि शुरू भयो । यस प्रकार भक्ति पनि व्यभिचारी (धेरैको) भइहाल्यो । यो अवस्था सृष्टिको तमोप्रधान अथवा शूद्र अवस्था भयो । यस कालमा काम, क्रोध, लोभ, मोह र अहंकारले उग्र-रूप धारण गर्दै गए । कलियुगको अन्त्यमा उनीहरूले अथवा उनीहरूका वंशका अन्य आत्माहरूले ४२ जन्म लिए ।

उपर्युक्तबाट स्पष्ट छ कि जम्मा ५००० वर्षमा उसको आत्माले पूज्य र पुजारी अवस्थामा जम्मा ८४ जन्म लिन्छ । अब उसले पुरानो-पतित दुनियाँमा ८३ जन्म लिइसकेको छ । अब उसको अन्तिम अर्थात् ८४ यौं जन्मको वानप्रस्थ अवस्थामा परमपिता परमात्मा शिवले उसकै नाऊँ "प्रजापिता ब्रह्मा" तथा मुख वंशी कन्याको नाऊँ, "जगदम्बा सरस्वती" राख्नुभएको छ । यसप्रकार देववंशका अन्य आत्माहरू पनि ५००० वर्षमा बढीभन्दा बढी ८४ जन्म लिन्छन् । त्यसैले भारतमा जन्म-मृत्युको चक्रलाई "चौरासीको चक्कर" पनि भन्दछन् र कतिपय देवीहरूको मन्दिरमा ८४ घण्टाहरू पनि लागेका हुन्छन् तथा उनीहरूलाई "८४ घण्टा भएकी देवी" भन्ने नाऊँले याद गर्छन् ।

# मानिसहरूको ८४ जन्मको अद्‌भुत कथा



# मानव आत्मा ८४ लाख योनिको भ्रमण गर्दैन



# मानव आत्मा ८४ लाख योनि भ्रमण गर्दैन

परमप्रिय परमपिता परमात्मा शिवले वर्तमान समयमा जसरी हामीलाई ईश्वरीय ज्ञानका अनेक मधुर रहस्य सम्झाउनु भएको छ, त्यसरी नै यो पनि एउटा नयाँ कुरा सम्झाउनुभएको छ कि वास्तवमा मानवआत्माहरू पाशविक योनिमा जन्म लिदैनन् । यो हाम्रो लागि ठूलो खुशीको कुरा हो । तर पनि कतिपय यस्ता व्यक्तिहरू छन् जो यो भन्दछन् कि मानव-आत्माहरू पशु-पंक्षी इत्यादि ८४ लाख योनिमा जन्म पुनर्जन्म लिन्छन् ।

उनीहरू भन्दछन् कि -"जसरी कुनै देशको सरकारले अपराधीलाई दण्ड दिनको लागि उसको स्वतन्त्रतालाई जफत गर्दछ, उसलाई एक कोठरीमा बन्द गरिदिन्छ र उसलाई सुख सुविधाबाट केही समयको लागि बञ्चित गरिदिन्छ, त्यसरी नै यदि कोही मानिस गलत कर्म गर्दछ भने उसलाई त्यसको दण्डको रूपमा पशु-पंक्षी इत्यादि भोग-योनिहरूमा दुःख तथा परतन्त्रता भोग्नुपर्दछ ।

तर, अब परमप्रिय परमपिता परमात्मा शिवले सम्झाउनुभएको छ कि मानव आत्माहरू आफ्ना खराब कर्महरूको दण्ड मानव योनिमा नै भोग्दछन् । परमात्मा भन्नुहुन्छ कि मानिस खराव कर्म-गुण-स्वभावको कारण पशुभन्दा पनि बढी खराव हुन जान्छ तथा पशु-पंक्षीभन्दा बढी दुःखी समेत हुन्छ, तर ऊ पशु-पंक्षी इत्यादि योनिमा जन्म भने लिंदैन । यो तथ्यलाई हामी देख्छौं या सुन्दछौं कि मानिस लाटो, अन्धो, बहिरो, लंगडो, महारोगी, कोढी, चिररोगी तथा कंगाल हुन्छ । यो पनि हामी देख्दछौं कि कतिपय पशु पनि मानिसभन्दा बढी स्वतन्त्र तथा सुखी हुन्छन्, उनीहरूलाई पाउरोटी (ब्रेड) र नौनी (मख्खन) ख्वाइन्छ, सोफा (Sofa) माथि सुताइन्छ, मोटर कारमा यात्रा गराइन्छ र धेरै प्यार तथा प्रेमले पालिन्छ तर यस्ता कतिपय मानिसहरू संसारमा छन् जो भोको र अर्धनग्न जीवन व्यतीत गर्दछन् र जब उनीहरू पैसा वा दुई पैसा माग्नको लागि मानिसको अगाडि हात फैलाउँछन् भने अन्य मानिहरूले उनीहरूलाई अपमानित गर्दछन् । कतिपय मानिसहरू छन् जो जाडोमा कठाङ्ग्रिएर, अथवा रोगीको हालतमा सडकको पेटीमा कुकुरको भन्दा पनि दयनीय मृत्यु पाउँछन् र कतिपय मानिसहरू अत्यन्त वेदना र दुःखको वशमा आफ्नो हातबाट आफ्नै मृत्यु गर्दछन् ! अतः हामी स्पष्ट देख्दछौं कि मानव योनि पनि भोग-योनि नै हो र मानव योनिमा पशुहरूभन्दा पनि बढी दुःख हुन सक्दछ भने यो किन मान्नुपर्‍यो कि मानव आत्माहरूलाई पशु-पंक्षी इत्यादि योनिमा दुःख भोग्न जन्म लिनुपर्दछ ?

**जस्तो बीउ त्यस्तै वृक्ष :** यसको अतिरिक्त, प्रत्येक मानिसमा आफ्नो जन्म-जन्मान्तरको पार्ट (खेल) अनादि कालदेखि अव्यक्त रूपमा भरिएको छ र त्यसैले मानवआत्माहरू अनादि कालदेखि परस्पर भिन्न-भिन्न गुण-कर्म-स्वभाव-प्रभाव र प्रालव्ध भएका हुन्छन् । मानवआत्माहरूका गुण-कर्म-स्वभाव तथा पार्ट (Part) अन्य योनिहरूको आत्माहरूको गुण, कर्म-स्वभाव भन्दा अनादि कालदेखि नै भिन्न छन् । अतः जसरी आँपको कोयोबाट खुर्सानी फल्दैन बरू "जस्तो बीउ त्यस्तै वृक्ष हुन्छ ।" ठीक त्यस्तै मानवआत्माहरूको त श्रेणी नै अलग छ । मानवआत्माहरू सारा कल्पमा मानव योनिमा नै बढी भन्दा बढी ८४ जन्म-पुनर्जन्म लिएर आ-आफ्नो कर्म अनुसार दुःख-सुख भोग्दछन् ।

**यदि मानव-आत्मा पशु योनिमा पुनर्जन्म लिन्थ्यो भने मानिसको जनसंख्या बढ्दै जाने थिएन :** तपाईहरू आफैं विचार गर्नुहोस् कि यदि खराब कर्मको कारणले मानवआत्माको पुनर्जन्म पशु योनिमा हुन्थ्यो भने, प्रत्येक वर्ष मानिसको जनसंख्या बढ्दै जाने थिएन बरू घट्दै जानुपर्ने हो, किनकि आज सबैका कर्महरू विकारहरूको कारणले विकर्म नै बनिरहेका छन् । तर तपाईहरू देखिरहनुभएको छ कि फेरि पनि मानव जनसंख्या बढ्दै गइरहेको छ, किनकि मानिस पशु-पंक्षी या कीरा-कमिला आदि योनिमा जन्म लिइरहेका छैनन् ।

# ईश्वरीय विश्व विद्यालय


## (प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको मुख्य स्थान आबू पर्वत)



यस पथ-प्रदर्शनीमा जुन ईश्वरीय ज्ञान, सहज राजयोग लिपिबद्ध गरिएको छ, त्यसको विस्तारपूर्वक शिक्षा प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयमा दिइन्छ। माथि जो चित्र अंकित गरिएको छ, त्यो यसको मुख्य शिक्षा-स्थान वा मुख्य कार्यालयको हो। यस ईश्वरीय विश्व विद्यालयको स्थापना परमप्रिय परमात्मा ज्योतिर्बिन्दु शिवले सन् १९३७ (वि.सं.१९९४) मा सिन्धमा गर्नुभएको हो। परमपिता शिव परमधाम अर्थात् ब्रह्मलोकबाट अवतरित भएर एक साधारण एवं वृद्ध मानिसको शरीरमा प्रविष्ट अथवा सन्निविष्ट हुनुभएको थियो किनकि कुनै मानवीय मुखको प्रयोग नगरीकन परमात्मा अन्य कुन रीतिले ज्ञान दिनुहुन्थ्यो ?

ज्ञान एवं सहज योगद्वारा सत्ययुगको स्थापनार्थ ज्योतिर्बिन्दु शिवको जुन मनिसको शरीरमा 'दिव्य जन्म' भयो, त्यस मानिसलाई उहाँले "प्रजापिता-ब्रह्मा" यो अलौकिक नाउँ दिनुभयो। उहाँको मुखारविन्दद्वारा ज्ञान एवं योगको शिक्षा लिएर ब्रह्मचर्य व्रत धारण गर्ने तथा पूर्ण पवित्रताको व्रत लिने नर र नारीलाई क्रमशः मुख-वंशी 'ब्राह्मण' तथा 'ब्राह्मणी' अथवा 'ब्रह्माकुमार' र ब्रह्माकुमारी' भनिन्छ किनकि उनीहरूको आध्यात्मिक नयाँ-जीवन ब्रह्माको श्री मुखद्वारा विनिसृत ज्ञानबाट भयो।

परमपिता शिव त्रिकालदर्शी हुनुहुन्छ, उहाँले त्यस व्यक्तिको जन्म-जन्मान्तरको जीवनकहानी जान्नु हुन्थ्यो कि ऊ नै सत्ययुगको प्रारम्भमा पूज्य श्रीनारायण थियो र समयान्तरमा कला कम हुँदा हुँदै अब यस अवस्थामा आइपुगेको छ। अतः ब्रह्माको शरीरमा प्रविष्ट भएर उहाँले सन १९३७ मा यस अविनाशी ज्ञान यज्ञको अथवा ईश्वरीय विश्व विद्यालयको ५००० वर्ष पहिले जस्तै, पुनर्स्थापना गर्नुभयो। यिनै प्रजापिता ब्रह्मालाई महाभारतको भाषामा 'भगवान्‌को रथ' पनि भन्न सकिन्छ, ज्ञानगंगा ल्याउनका निमित्त बन्ने 'भागीरथ' र 'शिवका वाहन' 'नन्दीगण' पनि भनिन्छ।



**पिता श्री ब्रह्मा**
**(जसको माध्यमबाट परमपिता शिवले ज्ञान दिनुभयो)**



**जगदम्बा सरस्वती**
**(जसले ज्ञान-वीणा द्वारा आत्मिक जागृति ल्याइन्)**

जुन मानिसको शरीरमा परमात्मा शिवले प्रवेश गर्नुभयो उहाँ त्यस समयमा कलकत्तामा एक विख्यात जौहरी हुनुहुन्थ्यो र श्रीनारायणका अनन्य भक्त हुनुहुन्थ्यो । उहाँमा उदारता, सबैको कल्याणको भावना, व्यवहार-कुशलता र राजकुलोचित शालीनता र प्रभु मिलनको उत्कट चाह थियो । उहाँको सम्बन्ध राजा-महाराजाहरूसँग पनि थियो, समाजमा गण्य-मान्य, साधारण एवं निम्न वर्गसँग पनि राम्ररी परिचित हुनुहुन्थ्यो । अतः उहाँ अनुभवी पनि हुनुहुन्थ्यो र ती दिनहरूमा उहाँमा भक्तिको पराकाष्ठा तथा वैराग्यको अनुकुल भूमिका पनि थियो ।

अन्यश्च प्रवृत्तिलाई दिव्य बनाउनको लागि माध्यम पनि प्रवृत्तिमार्गको नै व्यक्तिको हुनु उचित थियो । यी तथा अन्य अनेकानेक कारणले त्रिकालदर्शी परमपिता शिवले उहाँको शरीरमा प्रवेश गर्नुभयो ।

उहाँको मुखद्वारा ज्ञान एवं योगको शिक्षा लिने सबै ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरूमा जो श्रेष्ठ थिइन उनको यस अलौकिक जीवनको नाउँ भयो जगदम्बा सरस्वती। यिनी 'यज्ञमाता' भइन् । उनले ज्ञानवीणाद्वारा जनजनलाई प्रभु परिचय दिएर उनीहरूमा आध्यात्मिक जागृति लेराइन् । उनले आजीवन ब्रह्मचर्य व्रतको पालन गरिन् र सहज राजयोगद्वारा अनेक मानव आत्माहरूको ज्योति जगाइन् । प्रजापिता ब्रह्मा र जगदम्बा सरस्वतीले पवित्र एवं दैवी जीवनको आदर्श प्रस्तुत गरे ।

# सृष्टि नाटकको रचयिता र निर्देशक को हुन् ?

यो मानव सृष्टि प्रकृति-पुरुषको एक अनादि खेल हो । यसको कथालाई जानेर मानवआत्माहरूले धेरै आनन्द प्राप्त गर्न सक्दछन् ।

**सृष्टिरूपी नाटकका चार हिस्सा :** सामुन्ने दिइएको चित्रमा देखाइएको छ कि स्वस्तिकाले सृष्टि-चक्रलाई चार बराबर भागमा विभाजन गरेको छ- सत्य, त्रेता, द्वापर र कलियुग ।


सृष्टि नाटकमा प्रत्येक आत्मा एक निश्चित समयमा परमधामबाट यस सृष्टिरूपी नाटकको मञ्चमा आउँछ । सबभन्दा पहिले सत्ययुग-त्रेतायुगको सुन्दर दृश्य सामुन्ने आउँछ र यी दुई युगहरूमा सुखपूर्ण सृष्टि, पृथ्वी मञ्चमा एक आदि सनातन देवी-देवता वंशका आत्माहरूको पार्ट (खेल) हुन्छ र अन्य सबै धर्म, वंशका आत्माहरू परमधाममा हुन्छन् । अतः दुई युगहरूमा यिनै दुई वंशका आत्माहरू आ-आफ्नो पवित्रताको अवस्था अनुसार नम्बरवार आउँछन् । त्यसैले यी दुई युगमा सबै अद्वैत र निर्वैर स्वभाव भएका हुन्छन् ।

द्वापर युगमा यही धर्मको रजोगुण अवस्था हुनाले इब्राहिमद्वारा इस्लाम धर्म-वंशको, बुद्धद्वारा बौद्ध धर्म-वंशको र ईसाद्वारा ईसाई धर्म-वंशको स्थापना हुन्छ । अतः यी चार धर्म-वंशका धर्मपिताहरू नै संसार का मुख्य अभिनयकर्ता (Principal actors) हुन् र यी चार धर्मका शास्त्रहरू नै मुख्य शास्त्रहरू हुन् । यसको अतिरिक्त संन्यास धर्मका संस्थापन शंकराचार्य, मुसलमान धर्म-वंशका संस्थापक मुहम्मद तथा सिक्ख धर्मका धर्मसंस्थापक नानक पनि यस विश्व नाटकका मुख्य अभिनयकर्ता मध्ये नै हुन् । तर पनि मुख्य रूपमा पहिले बताइएका चार धर्म माथि नै यो विश्व नाटक आधारित छ । यी अनेक मत मतान्तरहरूको कारण द्वापर युग तथा कलियुगको सृष्टिमा द्वैत मत लडाई-झगडा तथा दुःख हुन्छ ।


कलियुगको अन्त्यमा, जब धर्मको अति ग्लानि हुन्छ अर्थात् विश्वको सबभन्दा पहिलो 'आदि सनातन देवी-देवता धर्म' धेरै क्षीण भइहाल्छ र मानिसहरू अत्यन्त पतित हुन्छन्, तब सृष्टि नाटकका रचयिता तथा निर्देशक परमपिता परमात्मा शिव प्रजापिताको शरीरमा स्वयं अवरित हुनु हुन्छ । उहाँ प्रजापिता ब्रह्माद्वारा मुख-वंशी कन्या 'ब्रह्माकुमारी सरस्वती' तथा अन्य ब्राह्मणहरू तथा ब्राह्मणीहरूलाई रच्नुहुन्छ र उनीहरूद्वारा पुनः सबै लाई अलौकिक मातपिताको रूपमा भेटघाट गर्नुहुन्छ तथा ज्ञानद्वारा उनीहरूलाई मार्ग-प्रदर्शन गर्नुहुन्छ र उनीहरूलाई मुक्ति तथा जीवन-मुक्तिको ईश्वरीय जन्म-सिद्ध अधिकार दिनुहुन्छ । अतः 'प्रजापिता ब्रह्मा' तथा 'जगदम्बा सरस्वती' जसलाई नै 'एडम' तथा 'ईव' अथवा 'आदम' र 'हव्वा' पनि भनिन्छ, उहाँहरूनै यस सृष्टि नाटकका नायक र नायिका हुनुहुन्छ । किनकि उहाँहरूद्वारा स्वयं परमपिता परमात्मा शिव पृथ्वीमा स्वर्ग स्थापना गर्नुहुन्छ । कलियुगको अन्त्य तथा सत्ययुगको आरम्भको यो छोटो-संगम अर्थात् संगमयुग जसमा परमात्मा अवतरित हुनुहुन्छ, धेरै नै महत्वपूर्ण छ ।

**विश्वको इतिहास र भूगोलको पुनरावृत्ति :** चित्रमा यो पनि देखाइएको छ कि कलियुगको अन्त्यमा परमपिता परमात्मा  शिव जब महादेव शंकरद्वारा सृष्टिमा महाविनाश गराउँनुहुन्छ तब सबै आत्मारूपी अभिनयकर्ता आफ्नो प्यारो देश मुक्तिधाम फर्किन्छन् र फेरि सत्ययुगको आरम्भदेखि 'आदि सनातन देवी देवता धर्मका' मुख्य मानवआत्माहरू यस सृष्टि मञ्चमा आउन शुरू गर्दछन् । फेरि २५०० वर्ष पछि द्वापर युगको आरम्भदेखि इब्राहिमका इस्लाम घरानाका आत्माहरू त्यसपछि बौद्ध धर्मवंशका आत्माहरू, फेरि इसाई धर्मवंशका आत्माहरू आफ्नो-आफ्नो समयमा सृष्टि-मञ्चमा आएर आफ्ना-आफ्ना अनादि निश्चित पार्ट (खेल) बजाउँछन् र आफ्ना सतोप्रधान, सतो, रजो र तमो चारै अवस्थालाई पार गर्दछन् । यस प्रकार यो अनादि निश्चित सृष्टि नाटक अनादि कालदेखि प्रत्येक ५००० वर्ष पछि हुबहू (जस्ताको त्यस्तै) पुनरावृत भई नै रहन्छ ।

# सृष्टि नाटकको रचयिता र निर्देशक को ?



# कलियुग अहिले बच्चा छैन



# कलियुग अहिले बच्चा होइन बरू बूढो भइसकेको छ यसको विनाश धेरै निकट छ र शीघ्र नै सत्ययुग आउँदैछ

आजभोलि धेरैजसो व्यक्तिहरूले यही भन्दछन् कि कलियुग बालक नै छ। अझै कलियुगको आयु लाखौं वर्ष बाँकी छ। शास्त्रहरूका अनुसार अझै सृष्टिको महाविनाश हुनमा धेरै समय बाँकी देखिन्छ।

तर परमपिता परमात्मा भन्नुहुन्छ कि अब कलियुग बूढो भइसकेको छ । अब त सृष्टिको महाविनाशको घडी नजीक आइसकेको छ । सबैले राम्ररी देखिरहेका पनि छन् कि यो मानव-सृष्टि काम, क्रोध, लोभ, मोह तथा अहंकारको चितामा जलिरहेको छ । सृष्टिको महाविनाशको लागि एटम बम, हाइड्रोजन बम तथा मुसलहरूपनि बनिसकेका छन् । अतः अब पनि यदि कोही भन्दछ कि महाविनाश टाढा छ, त्यो साँच्चै अज्ञानमा छ र कुम्भकर्णी निन्द्रामा सुतेको छ । त्यो आफ्नो अकल्याण गरिरहेको छ । अब जबकि परमपिता परमात्मा शिव अवतरित भएर ज्ञानामृत दिइरहनुभएको छ, तापनि ती व्यक्तिहरू त्यसबाट बञ्चित छन् ।

आज वैज्ञानिक एवं विद्याका विशेषज्ञ पनि के भन्दछन् भने जनसंख्या जुन तीब्र गतिले बढिरहेको छ, अन्नको उब्जाउ यस अनुपातमा बढिरहेको छैन । त्यसैले उनीहरू अनिकालको भयंकर परिणामस्वरूप महाविनाशको घोषणा गर्दछन् । पुनश्च वातावरण प्रदूषण तथा पेट्रोल, कोयला इत्यादि शक्ति स्रोतहरू केही वर्षमा समाप्त हुने घोषणा पनि वैज्ञानिकहरूले गरिरहेका छन् । पृथ्वीको तापक्रम बढनाले उत्तरी, दक्षिणी ध्रुवमा रहेका हिउँ पग्लेर पृथ्वी जलमग्न हुने आशंका पनि उत्पन्न भइरहेको छ । अन्य व्यक्तिहरू पृथ्वी ठण्डा भएर जाने कारणले हिमपात हुने कुरा बताइरहेका छन् । आज केवल रुस र अमेरिकासँग नै लाखौं टन बम, आणविक अस्त्रहरू छन् । यसको अतिरिक्त आजको जीवन विकारी एवं तनावपूर्ण भइसकेको छ । अझै करोडौं बर्षसम्म कलियुग रहने कुरा मान्नु, यी सबै कुराहरू प्रति आँखा बन्द गर्नु मात्र हो । तर सबैलाई याद रहोस् कि परमात्मा अधर्मको विनाशबाट नै दैवी धर्मको पुनः स्थापना पनि गर्नुहुन्छ ।

अतः सबैलाई थाहा हुनुपर्दछ कि अब परमप्रिय परमपिता परमात्मा शिवले सत्ययुगी पावन एवं दैवी सृष्टिको पुनः स्थापना गराइरहनुभएको छ । उहाँले मानवलाई देवता अथवा पतितलाई पावन बनाइरहनुभएको छ । अतः अब उहाँद्वारा सहज राजयोग तथा ज्ञानको, अनमोल विद्या सिकेर जीवनलाई पावन, सतोप्रधान दैवी तथा सर्वोत्तम सुखमय बनाउने कोशिस गर्नुपर्छ । जुन व्यक्तिहरू यस्तो मानेर बसिरहेका छन् कि, अझै कलियुगको लाखौं वर्ष शेष छ, उनीहरू आफ्नो नै भाग्यलाई फर्काइरहेका छन् । अब कलियुग सृष्टि अन्तिम श्वास लिइरहेको छ, मानौ मृत्यु शैय्यामा छ । यो काम, क्रोध, लोभ, मोह र अहंकाररूपी रोगहरूद्वारा पीडित छ । अतः यस सृष्टिको आयु अरब वर्ष मान्नु भूल हो र कलियुगलाई अब बच्चा मानेर अज्ञान निद्रामा सुत्ने व्यक्तिहरू नै “कुम्भकर्ण” हुन् । जो मानिसहरू यो सन्देशलाई एक कानले सुनेर अर्को कानबाट निकाल्दछन्, उनीहरूका कान नै यस्ता कुम्भ समान छन् किनकि कुम्भ बुद्धिहीन हुन्छ ।

# के रावणका दश टाउकाहरू थिए ? रावण कसको प्रतीक हो ?

नेपाल र भारतका व्यक्तिहरू प्रतिवर्ष रावणको पुतला बनाएर जलाउने गर्दछन् । उनीहरूको ठूलो विश्वास छ कि दश टाउका भएको रावण लङ्काको राजा थियो, ऊ एउटा ठूलो शक्तिशाली राक्षस थियो र उसले श्रीसीताको अपहरण गरेको थियो । उनीहरू यो पनि मान्दछन् कि रावण निकै ठूलो विद्वान् पनि थियो । यसैले उनीहरू उसको हातमा वेद, शास्त्र इत्यादि देखाउँछन् । साथै उनीहरू उसको टाउकोमाथि गधाको टाउको पनि देखाउँछन् जसको अर्थ उनीहरूले यो लगाउँछन् कि ऊ जिद्दी र मतिहीन थियो । तर अब परमपिता परमात्माले सम्झाउनु भएको छ कि रावण कुनै दश टाउका भएको राक्षस (मानिस) थिएन, बरू रावणको पुतला वास्तवमा नराम्रो (खराबी) कुराको प्रतीक हो । रावणका दश टाउका स्त्री र पुरुषमा भएका पाँच-पाँच विकारहरूलाई प्रकट गर्दछन् र उसको तुलना एक यस्तो समाजको प्रतीक रूप हो जो यस प्रकारका विकारी स्त्री, पुरुषले बनेको होस् । त्यस समाजका मानिसहरू धेरै ग्रन्थ र शास्त्रहरू पढेका तथा विज्ञानमा उच्च शिक्षा प्राप्त पनि गरेका हुन्छन् तर पनि उनीहरू हिंसा तथा अन्य विकारहरूको वशीभूत हुन्छन् । यसप्रकार उनीहरूको विद्वत्ता उनीहरूमाथि नै बोझ भएको हुन्छ । उनीहरू उद्दण्ड भइसकेका हुन्छन् र कल्याणकारी कामको लागि उनीहरूका कान बन्द भइसकेका हुन्छन् । 'रावण' शव्दको अर्थ नै हो जो अरूलाई रुवाउँदछ (दुःख दिन्छ) अतः यो खराब कर्महरूको प्रतीक हो किनकि खराब कर्महरूले नै मानिसको जीवनमा दुःख र आँसु ल्याउँदछ । अतएव सीताको अपहरणको भाव वास्तवमा आत्माहरूको शुद्ध भावनाको अपहरणको नै सूचक हो । यसै प्रकार "कुम्भकर्ण" आलस्य तथा 'मेघनाथ' कटु वचनको प्रतीक हो र यो सारा संसार नै एक महाद्वीप अथवा मानिसको मन नै लङ्का हो ।

यस विचारबाट हामी भन्न सक्दछौं कि यस विश्वमा द्वापरयुग र कलियुगमा (अर्थात् २५०० वर्ष) 'रावण-राज्य' हुन्छ । किनकि यी दुई युगहरूमा मानिसहरू माया या विकारहरूको वशीभूत हुन्छन् । त्यस समयमा अनेक पूजा-पाठ गरेर शास्त्र आदि पढेर पनि मानिस विकारी, अधर्मी र भष्ट्राचारी बन्दछन् । रोग, शोक, अशान्ति र दुःखको सर्वत्र बोलबाला (हाहाकार) हुन्छ । मानिसहरूको खान-पान असुरहरूको जस्तो (मासु-रक्सी), तामसी भोजन आदि भइसकेको हुन्छ । उनीहरू काम, क्रोध, लोभ, मोह, अहंकार, ईर्श्या-द्वेष आदि विकारहरूको वशीभूत भएर एक अर्कालाई दुःख दिन्छन् र रुवाउँदछन् । ठीक यसको विपरीत, स्वर्णयुगमा र रजतयुगमा रामराज्य थियो, किनकि परमात्मा जसलाई रमणीक अथवा सुखदाता भएको कारण 'राम' पनि भन्दछन्, उहाँले त्यस पवित्र एवं सुख-शान्ति सम्पन्न दैवी स्वराज्यको पुनर्स्थापना गर्नुभएको थियो, त्यस राम राज्यको बारेमा प्रसिद्ध छ कि त्यसबेला घ्यू र दूधको नदी बग्दथ्यो, सिंह र गाई एउटै तलाउमा पानी पिउँथे ।

अब वर्तमान युगमा मानवआत्माहरू फेरि माया अर्थात् रावणको प्रभावमा छन् । औद्योगिक उन्नति, प्रचुर धन-धान्य र सांसारिक सुख सबै साधन भएर पनि मानिसलाई साँचो सुख र शान्तिको प्राप्ति छैन । घर-घरमा कलह-क्लेश, लडाईं-झगडा, दुःख र अशान्ति छ तथा भष्ट्राचार, मिलावट, अधर्म र असत्यताको राज्य छ, त्यसैले यसलाई 'रावण-राज्य' भनिन्छ ।

अब परमात्मा शिव गीतामा दिइएका आफ्ना वचन अनुसार सहज ज्ञान र राजयोगको शिक्षा दिइरहनुभएको छ र मानवआत्माहरूको मनोविकारहरूलाई खतम गरेर उनीहरूमा दैवी गुण धारण गराइरहनुभएको छ । अतः हामी सबैले सत्य धर्म र निर्विकारी मार्गलाई अपनाएर परमात्माको यस महान् कार्यमा सहयोगी बन्नुपर्दछ ।

# के रावणका दश टाउकाहरू थिए ? रावण कसको प्रतीक हो ?



# मानव-जीवनको लक्ष्य के हो ?



# मानव–जीवनको लक्ष्य के हो ?

मानिसको वर्तमान जीवन बडो अनमोल छ किनकि यस संगमयुगमा नै यसले सर्वोत्तम पुरुषार्थ गरेर जन्म-जन्मान्तरको लागि सर्वोत्तम प्रारब्ध बनाउन सक्दछ र अतुल हीरा समान कमाइ गर्न सक्दछ । तर आज मानिसलाई जीवनको लक्ष्य थाहा नहुनाको कारणले ऊ सर्वोत्तम पुरुषार्थ गर्नुको सट्टा यसलाई विषय विकारमा खेर फालिरहेको छ । अथवा अल्पकालको प्राप्तिमा नै लगाइरहेको छ । आज ऊ लौकिक शिक्षाद्वारा वकील, डाक्टर, इन्जिनियर बन्ने पुरुषार्थ गरिरहेको छ भने कोही राजनीतिमा भाग लिएर देशको नेता, मन्त्री अथवा प्रधानमन्त्री बन्ने प्रयत्नमा लागिरहेको छ । अन्य कोही यी सबैको संन्यास (त्याग) गरेर संन्यासी बनेर रहन चाहान्छन् तर सबै जान्दछन् कि मृत्यु लोकमा राजा-रानी, नेता, वकील, इन्जिनियर, डाक्टर संन्यासी इत्यादि कुनैपनि पूर्ण सुखी छैनन् । सबैलाई शरीरको रोग, मनको अशान्ति, धनको कमी, जनताको चिन्ता या प्रकृतिद्वारा कुनै पीडा केही न केही दुःख लागि नै रहन्छ । अतः यिनीहरूको प्राप्ति मानव जीवनको लक्ष्यको प्राप्ति हुँदैन किनकि मानिस सम्पूर्ण-पवित्रता, सदा सुख र स्थायी शान्ति चाहन्छ ।

चित्रमा अंकित गरिएको छ कि मानव जीवनको लक्ष्य मुक्तिको प्राप्ति अथवा वैकुण्ठमा सम्पूर्ण सुख-शान्ति-सम्पन्न श्री नारायण या श्री लक्ष्मी पदको प्राप्ति नै हो किनकि वैकुण्ठका देवताहरूलाई अमर मानिएको छ । उनीहरूको अकाल मृत्यु हुँदैन, उनीहरूको शरीर सदा निरोगी हुन्छ र उनीहरूको ढुकुटीमा कुनै पनि प्रकारको कमी हुँदैन । यसैले मानिस स्वर्ग या वैकुण्ठलाई याद गर्दछन् र जब कुनै प्रिय सम्बन्धीले शरीर छोड्दछ भने उनीहरू भन्दछन्- "ऊ त स्वर्गमा गयो ।"

### यस पदको प्राप्ति स्वयं परमात्मा नै ईश्वरीय विद्याद्वारा गराउनु हुन्छ

यस लक्ष्यको प्राप्ति कुनै मानिस अर्थात् कुनै साधु-संन्यासी, गुरू या जगतगुरूले गराउन सक्दैनन् बरू यो दुई ताज भएको देव-पद अथवा राजा-रानी पद स्वयं ज्ञानका सागर परमपिता परमात्मा शिव नै प्रजापिता ब्रह्माद्वारा ईश्वरीय ज्ञान तथा सहज राजयोगको अभ्यासले प्राप्त गराउनुहुन्छ ।

अतः अब जबकि परमपिता परमात्मा शिवले यस सर्वोत्तम ईश्वरीय विद्याको शिक्षा दिनको लागि प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको स्थापना गर्नुभएको छ भने सबै नर-नारीहरूले आफ्नो घर-गृहस्थमा रहँदा रहँदै, आफ्नो कार्य-धन्धा गर्दा-गर्दै प्रतिदिन एक दुई घण्टा निकालेर आफ्नो भावी जन्मजन्मान्तरको कल्याणको लागि यस सर्वोत्तम अथवा सहज शिक्षालाई प्राप्त गरून् ।

यस विद्याको प्राप्तिको लागि केहीपनि खर्च गर्नुपर्ने आवश्यकता छैन, त्यसैले यसलाई निर्धन व्यक्ति पनि प्राप्त गर्न सक्दछ र आफ्नो सौभाग्य बनाउन सक्दछ । यस विद्यालाई कन्याहरू, माताहरू, बृद्ध-पुरुषहरू, साना बच्चाहरू र अन्य सबैलाई प्राप्त गर्ने अधिकार छ किनकि आत्माको दृष्टिबाट सबै परमपिता परमात्माका समान सन्तान हुन् ।

### अहिले होइन भने कहिले पनि होइन

वर्तमान जन्म सबैको अन्तिम जन्म हो । यसैले, अहिले यो पुरुषार्थ गरेन भने फेरि कहिले पनि हुने छैन किनकि स्वयं ज्ञानसागर परमात्माद्वारा दिइएको यो मूल गीता ज्ञान कल्पमा एकै पटक यस कल्याणकारी संगमयुगमा नै प्राप्त हुन सक्दछ ।

# निकट भविष्यमा श्रीकृष्ण आउँदै हुनुहुन्छ

आजभोलि प्रतिदिन समाचार-पत्रहरूमा अकाल, बाढी, भष्ट्राचार वा लडाइँ-झगडाका समाचारहरू पढ्न पाइन्छन् । प्रकृतिका पाँच तत्वहरू पनि मानिसलाई दुःख दिइरहेका छन् र सारा वातावरण नै दूषित भइसकेको छ । अत्याचार, विषय-विकार तथा अधर्मको नै बढी आवाज छ र यो विश्व नै "काँटाहरूको जंगल" बनिसकेको छ । एक समय थियो जबकि विश्वमा सम्पूर्ण सुख-शान्तिको साम्राज्य थियो र त्यो सृष्टि 'फूलहरूको बगैंचा' थियो । प्रकृति पनि सतोप्रधान थियो । कुनै पनि प्रकारका प्राकृतिक आपदहरू थिएनन् । मानिस पनि सतोप्रधान दैवीगुण सम्पन्न थिए र आनन्द-खुशीमा जीवन व्यतीत गर्दथे । त्यस समयमा यो पूरा संसार स्वर्ग थियो, जसलाई सत्ययुग पनि भन्दछन् । यस विश्वमा समृद्धि, सुख र शान्तिको मुख्य कारण यही थियो कि त्यस समयका राजा र प्रजा सबै पवित्र र श्रेष्ठाचारी थिए । त्यसैले उनीहरूको शिरमा सुनको रत्न जडित ताज र अतिरिक्त पवित्रताको ताज पनि देखाइन्छ । श्री कृष्ण तथा श्री राधा सत्ययुगको प्रथम महाराजकुमार र महाराजकुमारी थिए जसको स्वयम्बरको पश्चात् "श्री नारायण र श्री लक्ष्मी" नाउँ हुन्छ । उनीहरूको राज्यमा बाघ र बाख्रोपनि एउटै तलाउमा पानी पिउँथे अर्थात् पशु-पंक्षी सम्म पनि पूर्ण अहिंसक थिए । त्यस समय सबै श्रेष्ठाचारी, निर्विकारी, अहिंसक र मर्यादापुरुषोत्तम थिए, त्यसैले उनीहरूलाई 'देवता' भनिन्छ । जबकि उनीहरूको दाँजोमा आजको मानिस विकारी, दुःखी र अशान्त भइसकेको छ । यो संसार पनि रौरव नरक बनिसकेको छ । सबै नर नारी काम क्रोधादि विषय विकारमा डुबुल्की लगाइरहेका छन् । सबैको काँधमा मायाको बोझ छ तथा एक पनि मानिस विकार र दुःखबाट मुक्त छैन ।


अतः अब परमपिता परमात्मा परमशिक्षक, परमसद्गुरू, परमात्मा शिव भन्नु हुन्छ -"हे वत्स ! तिमीहरू सबै जन्म जन्मान्तरदेखि मलाई पुकार्दै आएका छौ कि हे प्रभु हामीलाई दुःख र अशान्तिबाट छुटाऊ र हामीलाई मुक्तिधाम र स्वर्गमा लैजाऊ । त्यसैले अब म तिमीहरूलाई फिर्ता मुक्तिधाम लैजानको लागि तथा यस सृष्टिलाई स्वर्ग बनाउन आएको छु । वत्सहरू हो, वर्तमान जन्म सबैको अन्तिम जन्म हो । अब तिमीहरू वैकुण्ठ (सत्ययुगी पावन सृष्टि) मा जाने तैयारी गर अर्थात् पवित्र एवं योगयुक्त बन किनकि अब निकट भविष्यमा श्रीकृष्ण (श्री नारायण) को राज्य आउनै लागेको छ तथा यसबाट यस कलियुगी विकारी सृष्टिको महाविनाश एटम बमहरू, प्राकृतिक प्रकोपहरू तथा गृहयुद्धबाट हुनेछ । चित्रमा श्री कृष्णलाई विश्वको ग्लोवमाथि मधुर बाँसुरी बजाइरहेको देखाइएको छ जसको अर्थ यो हो कि समस्त विश्वमा श्रीकृष्ण (श्री नारायण) को एक छत्रछायी राज्य हुनेछ, एक धर्म हुनेछ, एक भाषा र एक मत हुनेछ तथा सम्पूर्ण खुशहाली, समृद्धि तथा सुख-चैनको बाँसुरी बज्नेछ ।

धेरै जसो मानिसहरूको यो मान्यता छ कि श्रीकृष्ण द्वापरयुगको अन्त्यमा आउनुहुन्छ । उनीहरूलाई के थाहा हुनुपर्छ भने श्रीकृष्ण सर्वगुण सम्पन्न, सोह्रकला सम्पूर्ण, सम्पूर्ण निर्विकारी अतः सम्पूर्ण पवित्र हुनुहुन्थ्यो । तब भन्नुस् उहाँको जन्म द्वापरयुगको रजोप्रधान एवं विकार-युक्त सृष्टिमा कसरी हुन सक्दछ ? श्रीकृष्णको दर्शनको लागि सूरदासले आफ्नो अपवित्र दृष्टिलाई समाप्त गर्ने कोशिश गरे र श्रीकृष्ण भक्त मीराबाईले पवित्र रहनको लागि विषको कचौरा पिउन स्वीकार गरिन् तब भन्नुस् श्रीकृष्ण देवता अपवित्र दृष्टि-वृत्ति भएको सृष्टिमा कसरी आउन सक्नुहुन्छ । श्रीकृष्ण स्वयंवर पछि श्री नारायण भनिनुहुन्छ त्यसैले त श्रीकृष्णको परिपक्व चित्र पाइँदैन अतः श्रीकृष्ण अर्थात् श्री नारायण सत्ययुगी सृष्टिको आरम्भमा आउनुभएको थियो र अब पुनः फेरि आउँदै हुनुहुन्छ ।

# निकट भविष्यमा श्रीकृष्ण आउँदै हुनुहुन्छ



# सर्वशास्त्र शिरोमणि श्रीमद् भगवद् गीताका ज्ञानदाता को हुन् ?



# सर्वशास्त्र शिरोमणि श्रीमद् भगवद् गीताका ज्ञानदाता को हुन् ?

यो कति आश्चर्यको कुरा छ भने आज मानिसलाई यो पनि थाहा छैन, परमप्रिय परमात्मा शिव, जसलाई 'ज्ञानको सागर' तथा 'कल्याणकारी' मानिन्छ, उहाँले मानिसहरूको कल्याणको लागि जो ज्ञान दिनुभयो, त्यसको शास्त्र कुन हो ? भारतमा यद्यपि गीता-ज्ञानलाई भगवान्द्वारा दिइएको ज्ञान मानिन्छ, तर पनि आज सबै मानिसहरू यही मान्दछन् कि गीता-ज्ञान श्रीकृष्णले द्वापरयुगको अन्त्यमा युद्धको मैदानमा अर्जुनको रथमा चढेर दिनुभएको थियो ।

**गीता-ज्ञान द्वापर युगमा दिइएन बरू संगमयुगमा दिइएको थियो**

चित्रमा यो अद्भुत रहस्य चित्रित गरिएको छ कि वास्तवमा गीता-ज्ञान निराकार परमपिता परमात्मा शिवले दिनुभएको थियो र फेरि गीता-ज्ञानद्वारा सत्ययुगमा श्रीकृष्णको जन्म भएको थियो । अतः गोपेश्वर परमपिता शिव श्रीकृष्णको पनि पारलौकिक पिता हुनुहुन्छ र गीता श्रीकृष्णकी पनि माता हुन् ।

यो कुरा सबै जान्दछन् कि गीता-ज्ञान दिनुको उद्देश्य पृथ्वीमा पुनः धर्मको स्थापना गर्नु नै थियो । गीतामा भगवानले स्पष्ट भन्नु भएको छ कि "म अधर्मको विनाश तथा सत्यधर्मको स्थापनार्थ नै अवतरण हुन्छु" अतः भगवान्को अवतरण भएपछि तथा गीता-ज्ञान दिएपछि धर्मको तथा दैवी स्वभाव भएको सम्प्रदायको पुनः स्थापना हुनुपर्ने हो । तर सबै जान्दछन् र मान्दछन् कि द्वापरयुगको पछि त कलियुग शुरू भयो जसमा झन् धर्मको धेरै हानि भयो, मानिसको स्वभाव तमोप्रधान तथा आसुरी नै भयो । अतः जो व्यक्तिहरू यो मान्दछन् कि भगवान्ले गीता-ज्ञान द्वापरको अन्त्यमा दिनुभयो, उनीहरूले विचार गर्नु पर्दछ कि के गीता-ज्ञान दिनु र भगवान्को अवतार हुनुको यही फल भयो त ? के गीता-ज्ञान दिइसकेपछि अधर्मको युग प्रारम्भ भयो ? स्पष्ट छ कि उनीहरूको विवेकले यस प्रश्नको उत्तर 'होइन' शव्दद्वारा नै दिन्छन् ।

भगवान्को अवतरणपछि कलियुगको प्रारम्भ मान्नु भगवान्को ग्लानि गर्नु हो किनकि भगवान्को यथार्थ परिचय हो कि उहाँ अवतरित भएर पृथ्वीलाई असुरबाट खाली गर्नुहुन्छ र धर्मलाई पूर्ण कलाहरू सहित स्थापन गरेर तथा नरलाई श्री नारायण बनाएर मानिसको सद्गति गर्नुहुन्छ । भगवान् सृष्टिको 'बीज रूप' हुनुहुन्छ, अतः यस धरतीमा उहाँ आएपछि नयाँ सृष्टि-वृक्ष अर्थात् नयाँ सत्ययुगी सृष्टिको प्रादुर्भाव हुन्छ । यसको अतिरिक्त यदि द्वापरको अन्त्यमा गीता ज्ञान दिइएको हुन्थ्यो भने कलियुगको तमोप्रधान कालमा त्यसको प्रारब्ध नै भोग्न सकिँदैन । आज पनि तपाइँहरू देख्नुहुन्छ कि दीपावलीको दिनमा श्री लक्ष्मीलाई आह्वान गर्नकोलागि नेपाल र भारत निवासी आफ्ना घरहरूलाई सर-सफाई गर्दछन् तथा दियो आदि जलाउँछन् । यसबाट स्पष्ट छ कि अपवित्रता र अन्धकार भएको स्थानमा देवताहरू आफ्नो पाइला पनि टेक्दैनन् । अतः श्रीकृष्ण अर्थात् लक्ष्मीपति श्रीनारायणको जन्म द्वापरयुगमा मान्नु महान् भुल हो । उहाँको जन्म सत्ययुगमा भयो जबकि सबै मित्र-सम्बन्धी तथा प्राकृतिक पदार्थहरू सतोप्रधान र दिव्य थिए । सबैको आत्मारूपी दीपक जलेको थियो र सृष्टिमा कुनै पनि म्लेच्छ तथा क्लेश थिएन ।


अतः उपर्युक्त भनाइबाट स्पष्ट छ कि न त श्रीकृष्ण नै द्वापरयुगमा भएर गए न त गीता-ज्ञान द्वापर-युगको अन्त्यमा दिइएको थियो, बरू निराकार पतितपावन परमात्मा शिवले कलियुगको अन्त्य र सतयुगको शुरूको (आदि) संगमको समय, धर्मग्लानिको समय, ब्रह्माको शरीरमा दिव्य जन्म लिएर गीता-ज्ञान दिई सत्ययुगको तथा श्रीकृष्ण (श्री नारायण) को स्वराज्यको स्थापना गर्नुभएको थियो । श्रीकृष्णका त आफ्ना आमा-बुबा, शिक्षक थिए तर गीता-ज्ञान सबै आत्माहरूका माता-पिता शिवले दिनुभयो ।

# गीता-ज्ञान हिंसक युद्ध गर्नको लागि दिइएको थिएन

आज परमात्माको दिव्य जन्म र 'रथ' को स्वरूपलाई नजानेको कारण, मानिसहरूको यो मान्यता दृढ भइसकेको छ कि गीता-ज्ञान श्रीकृष्णले अर्जुनको रथमा चढेर लडाइँको मैदानमा दिनुभएको थियो । तपाईहरू नै विचार गर्नुहोस्-जबकि अहिंसालाई धर्मको परमलक्षण मानिएको छ र धर्मात्मा अथवा महात्माहरू पनि अहिंसालाई पालन गर्दछन् तथा अहिंसाको शिक्षा दिन्छन् भने के भगवान्ले कुनै हिंसक युद्धको लागि कसैलाई शिक्षा दिएको होला ? जबकि लौकिक पिता पनि आफ्ना बच्चाहरूलाई यो शिक्षा दिन्छन् कि परस्पर न लड्नू । के सृष्टिका परमपिता शान्तिका सागर परमात्माले मानिसलाई परस्पर लडाएको होला ? यो त कदापि हुन सक्दैन । भगवान्ले दैवी स्वभाव भएको सम्प्रदायको तथा सर्वोत्तम धर्मको स्थापनाको लागि नै गीता-ज्ञान दिनुहुन्छ र त्यसबाट मानिसले राग-द्वेष, हिंसा, क्रोध इत्यादि माथि विजय प्राप्त गर्दछन् । अतः वास्तविकता यो हो कि निराकार परमपिता परमात्मा शिवले यस सृष्टि रूपी कर्मक्षेत्र, धर्मक्षेत्र अथवा कुरुक्षेत्रमा प्रजापिता ब्रह्मा (अर्जुन) को शरीर रूपी रथमा चढेर (प्रवेश भएर) माया अर्थात् विकारहरूसँग युद्ध गर्ने शिक्षा दिनुभएको थियो, तर लेखकले पछि अलंकारिक भाषामा यसको वर्णन गरे तथा चित्रकारहरूले पछि शरीरलाई रथको रूपमा अंकित गरेर प्रजापिता ब्रह्माको आत्मालाई पनि त्यसै रथमा एक मानिस (अर्जुन) को रूपमा चित्रित गरे ।

संगमयुगमा भगवान् शिवले जब प्रजापिता ब्रह्माको शरीर रूपी रथमा अवतरित भएर ज्ञान दिनुभयो र धर्मको स्थापना गर्नुभयो तब त्यसपछि कलियुगी सृष्टिको महाविनाश भयो र सत्ययुगको स्थापना भयो । अतः यस सर्व-महान् परिवर्तनको कारण पछि यो वास्तविक रहस्य प्रायः लोप भई हाल्यो । फेरि द्वापर युगको भक्ति कालमा गीता लेखियो । धेरै पहिले (संगमयुगमा भएको) यस वृत्तान्तको जो रूपान्तर व्यासले वर्तमान काल (Present time) को प्रयोग गरेर गरे, समयान्तरमा मानिसहरूले गीता ज्ञानलाई पनि व्यासको जीवन कालमा अर्थात् 'द्वापर युगमा' दिइएको ज्ञान मान्न लागे । तर यस भूलले संसारमा धेरै ठूलो हानि हुन गयो किनकि यदि मानिसहरूलाई यो रहस्य ठीकसँग थाहा हुन्थ्यो कि गीता-ज्ञान निराकार परमपिता परमात्मा शिवले दिनुभएको थियो जो कि श्रीकृष्णका पनि पारलौकिक पिता हुनुहुन्छ र सबै धर्मका अनुयायीहरूका परमपूज्य तथा सबैका एकमात्र सद्गति-दाता तथा राज्य-भाग्य दिने हुनुहुन्छ । सबै धर्मका अनुयायीहरू गीतालाई नै संसारको सर्वोत्तम शास्त्र मान्ने थिए र त्यसका महावाक्यहरूलाई परमपिताका महावाक्य मानेर तिनीहरूलाई शिरोधार्य गर्ने थिए र उनीहरू भारतलाई नै आफ्नो सर्वोत्तम तीर्थ मान्ने थिए तथा शिवजयन्ती लाई गीता-जयन्ती तथा गीता-जयन्तीलाई शिव-जयन्तीको रूपमा मान्ने थिए । उनीहरू एक ज्योतिस्वरूप, निराकार, परमपिता परमात्मा शिवसँग नै योग-युक्त भएर पावन बन्ने थिए तथा त्यसबाट सुख, शान्तिको बपौती लिने थिए । तर आज उपर्युक्त सर्वोत्तम रहस्यलाई नजानेको कारण र गीता माताका पति सर्वमान्य निराकार परमात्मा शिवको ठाउँमा गीता-पुत्र श्रीकृष्ण देवताको नाउँ लेखिदिएको कारणले गीता नै खण्डन हुन गयो र संसारमा घोर अनर्थ, हाहाकार तथा पापाचार हुन गयो र मानिसहरू एक निराकार परमपिता परमात्माको आज्ञा 'मन्मनाभव' अर्थात् 'एक मलाई मात्र यादगर' लाई भुलेर व्यभिचारी (अनेकको भक्ति गर्ने) बुद्धि भएका हुनगए !! आज फेरि उपर्युक्त रहस्यलाई जानेर परमपिता परमात्मा शिवसँग योगयुक्त भएमा पुनः यस विश्वमा श्रीकृष्ण अथवा श्रीनारायणको सुखदायी स्वराज्य स्थापना हुन सक्दछ र भइरहेको छ ।

# गीता–ज्ञान हिंसक युद्ध गर्नको लागि दिइएको थिएन



# जीवन कमल–पुष्प समान कसरी बन्न सक्दछ ?



# जीवन कमल-पुष्प समान कसरी बन्न सक्दछ ?

स्नेह र सौहार्दको अभावको कारण आज मानिसलाई घरमा घर जस्तो अनुभव हुँदैन । एउटा साधारण कारणले घरको पूरा वातावरण नै बिग्रिन्छ । अब मानिसको वफादारी र विश्वासपात्रता पनि टिकाऊ र दृढ छैन । नैतिक मूल्य आफ्नो स्तरबाट धेरै गिरिसकेको छ । कार्यालय होस् या व्यवसाय, घर होस् वा चूल्हो, अब हरेक ठाउँमा परस्पर सम्बन्धलाई सुधार्ने, स्वयंलाई त्यसमा ढाल्ने र मेलमिलाप गरेर रहनु जरूरी छ । आफ्नो स्थितिलाई निर्दोष एवं सन्तुलित बनाएर राख्नको लागि प्रत्येक मानिसलाई आज धेरै मनोवल एकत्रित गर्नु पर्ने आवश्यकता छ । यसको लागि योग धेरै नै सहायक हुन सक्दछ ।

जो ब्रह्माकुमार ब्रह्माकुमारी छन् उनीहरू अरूलाई पनि शान्तिको मार्ग दर्शाउनु चाहिँ एक सेवा अथवा आफ्नो कर्त्तव्य सम्झिन्छन् । ब्रह्माकुमारी संस्थाले जन-जनलाई यो ज्ञान दिइरहेको छ कि शान्ति, पवित्र जीवनको एक फल हो र पवित्रता एवं शान्तिको लागि परमपिता परमात्माको परिचय तथा उहाँसँग मनको नाता जोड्नु जरूरी छ । अतः संस्था सबै लाई राजयोग केन्द्र अथवा ईश्वरीय मनन-चिन्तन केन्द्रमा आउनको लागि आमन्त्रित गर्दछ, जहाँ उनीहरूलाई यो आवश्यक ज्ञान दिइन्छ कि राजयोगको अभ्यास कसरी गर्ने र जीवनलाई कमल पुष्प समान कसरी बनाउने ? यस ज्ञान एवं योगलाई सम्झनुको फल यो हुन्छ कि कोही कार्यालयमा काम गरिरहेको होस् या भान्छा कोठामा कार्यरत् होस् तर पनि मानिस शान्तिका सागर परमात्मासँग स्वयंको सम्बन्ध स्थापित गर्न सक्दछ । यी सबैको श्रेष्ठ परिणाम यो हुन्छ कि सारा परिवार प्यार र शान्तिको सूत्रमा बाँधिन्छ, उनीहरू सबै वातावरणमा आनन्द एवं शान्तिको अनुभव गर्दछन् र अब त्यो परिवार एक सुव्यवस्थित एवं संगठित परिवार बन्दछ ।

दिव्य-ज्ञानद्वारा मानिसले विकारलाई छोडिदिन्छ र गुण पनि धारण गर्दछ । यसको लागि जुन मनोबलको जरूरत छ त्यो योगबाट मिल्दछ । यसप्रकार मानिस आफ्नो जीवनलाई कमल-पुष्प समान बनाउनको लागि योग्य हुन्छ ।

कमलको यो विशेषता छ कि त्यो जलमा रहेर पनि जलसँग अलग भएर रहन्छ । यद्यपि, कमलका अन्य सम्बन्धी जस्तो कि कमल काकडो, कमल डाँठ इत्यादि छन् तर पनि कमल ती सबैबाट माथि उठेर रहन्छ, यस्तै प्रकार हामीले पनि आफ्नो एवं मित्रजनहरूको बीचमा रहेर उनीहरूबाट अलग अर्थात् मोहजित भएर रहनुपर्दछ ।

केही मानिसहरू भन्दछन् कि गृहस्थमा यस्तो सम्भव हुन सक्दछ ? तर हामी देख्दछौं कि अस्पतालमा नर्स अनेक बच्चाहरूलाई स्याहार-सुसार गरेर पनि उनीहरूमा मोहरहित हुन्छन् यस्तै हामीमा पनि हुनुपर्दछ कि हामी सबैलाई परमपिता परमात्माका वत्सहरू मानेर साक्षी भएर उनीहरू सँग व्यवहार गरौं । एउटा न्यायाधीशले पनि खुशी वा खेदको निर्णय सुनाउँछ तर ऊ स्वयं त्यसको प्रभावाधीन हुँदैन । यस्तै हामीहरू पनि सुख-दुःखको परिस्थितिमा साक्षी भई रहौं, यसैको लागि हामीलाई सहज राजयोग सिक्नुपर्ने आवश्यकता छ ।

# राजयोगको आधार तथा विधि

सम्पूर्ण स्थितिलाई प्राप्त गर्नको लागि र शीघ्र नै आध्यात्मिक उन्नति प्राप्त गर्नको लागि मानिसलाई राजयोगको निरन्तर अभ्यास गर्नु आवश्यक छ, अर्थात् हिड्दा-डुल्दा र कार्यव्यवहार गर्दा-गर्दै पनि परमात्माको स्मृतिमा स्थित हुनुपर्ने जरूरत पर्दछ ।

यद्यपि निरन्तर योगका धेरै लाभहरू छन् र निरन्तर योगद्वारा नै मानिस सर्वोत्तम अवस्थालाई प्राप्त गर्न सक्दछ तथापि विशेष रूपले योगमा बस्नु जरूरी छ । त्यसैले चित्रमा देखाइएको छ कि परमात्मालाई याद गर्ने समयमा हामीलाई आफ्नो बुद्धि सबैतिरबाट हटाएर एक ज्योतिर्बिन्दु परमात्मा शिवसँग जोडनुपर्छ । मन चञ्चल हुनाको कारण काम, क्रोध, लोभ, मोह, अहंकार अथवा शास्त्र र गुरूहरूतिर भाग्दछ । तर अभ्यासद्वारा हामीले यसलाई एक परमात्माको यादमा नै स्थित गर्नु पर्दछ । अतः शरीर सहित शरीरका सबै सम्बन्धहरूलाई भुलेर आत्मास्वरूपमा स्थित भई बुद्धिमा ज्योतिर्बिन्दु परमात्मा शिवको स्नेहयुक्त स्मृतिमा रहनु नै वास्तविक योग हो जस्तो कि चित्रमा देखाइएको छ ।

कतिपय मानिसहरूले योगलाई धेरै कठिन सम्झन्छन् । उनीहरू थरीथरीका हठ क्रियाहरू, तप अथवा प्राणायाम गर्ने गर्दछन् तर वास्तवमा 'योग' धेरै नै सहज छ । जसरी कि एक बालकलाई आफ्नो शरीरको बुबाको सहज र स्वतः नै याद रहन्छ त्यस्तै आत्मालाई आफ्नो पिता परमात्माको स्वतः र सहज याद हुनुपर्दछ । यस अभ्यासको लागि यो सोच्नुपर्दछ कि -"म एक आत्मा हुँ, म ज्योतिर्बिन्दु परमात्मा शिवको अविनाशी सन्तान (छोरा) हुँ जो परमपिता ब्रह्मलोकको वासी हुनुहुन्छ, शान्तिको सागर, आनन्दको सागर र सर्वशक्तिमान् हुनुहुन्छ ..।" यस्तो मनन गर्दै मनलाई ब्रह्मलोकमा शिवमा स्थित गर्नुपर्दछ र परमात्माका दिव्यगुणहरू र कर्तव्यहरूको मनन गर्नु पर्दछ ।


जब मन यस प्रकारको स्थितिमा स्थित हुनेछ तब सांसारिक सम्बन्धहरू अथवा वस्तुहरूको आकर्षण अनुभव हुने छैन । जति धेरै परमात्माद्वारा सिकाइएको ज्ञानमा निश्चय हुनेछ, त्यति नै सांसारिक विचार र लौकिक सम्बन्धीहरूको याद मनमा आउनेछैन, बरू आफ्नो स्वरूपको र परमपिता परमात्माका गुणहरूको अनुभव हुनेछ ।

आज धेरैजसो व्यक्तिहरू भन्दछन् कि हाम्रो मन परमात्माको स्मृतिमा टिक्दैन अथवा हाम्रो योग लाग्दैन । यसको एक कारण यो हो कि उनीहरू 'आत्म-निश्चयमा' स्थित हुँदैनन् । तपाईहरूलाई थाहा छ कि जब बिजुलीका दुइटा तारलाई जोड्नु पर्ने हुन्छ, तब उनीहरूको माथिको रबर झिक्नु पर्ने हुन्छ, तब नै त्यसमा करेन्ट आउँछ । यसै प्रकार यदि कुनै आफ्नो देहभानमा हुन्छ भने अथवा कुनै शरीरधारी मानिस या देवताको स्मृतिमा हुन्छ भने त्यसलाई पनि अव्यक्त अनुभूति हुँदैन, त्यसको पनि मनको तार परमात्मा सँग जोड्न सकिदैन ।

दोस्रो कुरा यो छ कि उनीहरू परमात्मालाई नाउँ-रूपबाट भिन्न सर्वव्यापी मान्दछन् अतः उनीहरू मनलाई कुनै ठाउँ पनि दिन सक्दैनन् । तर अब यो स्पष्ट गरिएको छ कि परमात्माको दिव्य नाउँ शिव, दिव्य-रूप ज्योति-बिन्दु र दिव्यधाम परमधाम अथवा ब्रह्मलोक हो । अतः त्यहाँ मनलाई टिकाउन सकिन्छ ।

तेस्रो कुरा यो छ कि उनीहरूलाई परमात्मासँग घनिष्ट सम्बन्धको पनि परिचय छैन, यसै कारण परमात्माको प्रति उनीहरूको मनमा निकट तथा घनिष्ट स्नेह छैन । अब सबै ज्ञान स्पष्ट भए पछि हामीलाई ब्रह्मलोक निवासी परमप्रिय परमपिता शिव ज्योतिर्बिन्दुको स्मृतिमा रहनुपर्दछ ।

# राजयोगको आधार तथा विधि



# राजयोगका स्तम्भ अथवा नियम



# राजयोगका स्तम्भ अथवा नियम

वास्तवमा योगको अर्थ - ज्ञानका सागर, आनन्दका सागर, प्रेमका सागर, सर्वशक्तिमान्, पतित पावन परमात्मा शिवसँग आत्माको सम्बन्ध जोड्नु हो ताकि आत्मालाई पनि शान्ति, प्रेम, आनन्द, पवित्रता, शक्ति र दिव्यगुणहरूको विरासत (वपौती) प्राप्त होस् ।

योगको अभ्यासको लागि आचरण सम्बन्धी केही नियमहरूको अथवा दिव्य-अनुशासनको पालना गर्नु पर्दछ किनकि योगको उद्देश्य मनलाई शुद्ध गर्नु, दृष्टिकोणमा परिवर्तन ल्याउनु र मानिसको चित्तलाई सदा प्रसन्न अथवा हर्ष-युक्त बनाउनु हो । अर्को शव्दमा योगको उच्च स्थिति कुनै आधारभूत स्तम्भहरूमाथि टिकेको हुन्छ ।

यिनीहरू मध्ये पहिलो हो – **ब्रह्मचर्य या पवित्रता** । योगी शारीरिक सुन्दरता या भोग-वासनातिर आकर्षित हुँदैन किनकि उसको दृष्टिकोण बदलिइसकेको हुन्छ । ऊ आत्माको सुन्दरतालाई नै पूर्ण महत्व दिन्छ । उसको जीवन 'ब्रह्मचर्य' शव्दको वास्तविक अर्थमा ढल्केको हुन्छ । अर्थात् उसको मन ब्रह्ममा स्थित हुन्छ । ऊ शरीरको सट्टा अशरीरी (आत्मअभिमानी) अवस्थामा रहन्छ । अतः ऊ सबैलाई भाइ-भाइको रूपमा देख्दछ र आत्मिक प्रेम वा सम्बन्धको नै आनन्द लिन्छ । वास्तवमा आत्मिक स्मृति र ब्रह्मचर्यको पालनाले धेरै नै महान् शारीरिक शक्ति, कार्य-क्षमता, नैतिक बल र आत्मिक शक्ति दिन्छ । उसको मनोबललाई बढाउँछ । उसलाई निर्णय शक्ति, मानसिक सन्तुलन र कुशलता दिन्छ ।

दोस्रो महत्वपूर्ण स्तम्भ हो – **सात्विक आहार** । मानिसले जुन आहार गर्दछ त्यसले उसको मस्तिष्कमा गम्भीर प्रभाव पर्दछ । त्यसैले योगी, मासु, फुल, उत्तेजक पेय पदार्थ या तम्बाकू लिंदैन । आफ्नो पेट पाल्नको लागि ऊ अन्य जीवहरूको हत्या गर्दैन, न त ऊ अनुचित साधनबाट धन कमाउँछ । ऊ पहिले भगवान्लाई भोग लगाउँछ र तब प्रसादको रूपमा त्यसलाई स्वीकार गर्दछ । भगवान्द्वारा स्वीकृत त्यो भोजन उसको मनलाई शान्ति तथा पवित्रता दिन्छ तब नै 'जस्तो अन्न त्यस्तै मन' को किम्बदन्ती अनुसार उसको मन शुद्ध हुन्छ र उसको कामना कल्याणकारी तथा भावना शुभ बनिरहन्छ ।

तेस्रो महत्वपूर्ण स्तम्भ हो – **सत्सङ्ग** 'जस्तो सङ्ग त्यस्तै रंग', यस कथनको अनुसार योगी सदा यस कुराको ध्यान राख्दछ कि उसको सदा 'सत् चित् आनन्द-स्वरूप' परमात्मासँग नै संगत बनिरहोस् । ऊ कहिले पनि कुसंगत अथवा अश्लील साहित्य अथवा कुविचारहरूमा आफ्नो समय व्यर्थ नगुमाओस् । ऊ एक नै प्रभुको याद एवं लगनमा मग्न रहन्छ तथा अज्ञानी मिथ्या-अभिमानी अथवा विकारी, शरीरधारी मानिसलाई याद गर्दैन र न त उससँग सम्बन्ध नै जोड्दछ ।

चौथो स्तम्भ हो – **दिव्यगुण** । योगी सदा अन्य आत्माहरूलाई पनि आफ्ना दिव्य-गुण दिव्य-विचार तथा दिव्य-कर्महरूको सुगन्धले अगरबत्ती झैं सुगन्धित गर्दछ न कि आसुरी स्वभाव, विचार वा कर्मको वशीभूत हुन्छ । विनम्रता, सन्तोष, हर्षितमुखता, गम्भीरता, अन्तर्मुखता, सहनशीलता र अन्य दिव्यगुण योगका मुख्य आधार हुन् । योगी स्वयं त यी गुणहरूलाई धारण गर्छ नै, साथ-साथै अन्य दुःखी भुलेका-भट्केका र अशान्त आत्माहरूलाई पनि आफ्ना गुणहरूको दान गर्दछ र उसको जीवनमा सही सुख-शान्ति प्रदान गराउँदछ, यी नियमहरूलाई पालन गर्नाले नै मानिस सही (साँचो) योगी जीवन बनाउन सक्दछ तथा रोग, शोक, दुःख वा अशान्तिरूपी भूतहरूको बन्धनबाट छुटकारा पाउन सक्छ ।

# राजयोगबाट प्राप्ति–अष्ट शक्तिहरू

राजयोगको अभ्यासले अर्थात् मनको नाता परमपिता परमात्मासँग जोड्नाले अविनाशी सुख-शान्तिको प्राप्ति त हुन्छ नै, साथै कतिपय प्रकारका आध्यात्मिक शक्तिहरू पनि आउँछन् । यी मध्ये आठ मुख्य र धेरै नै महत्वपूर्ण छन् ।

यी मध्येमा एक हो **'खुम्चिने र फैलाउने शक्ति'** जसरी कछुवा आफ्ना अङ्गहरूलाई जब चाहन्छ खुम्च्याउँछ र जब चाहन्छ फैलाउँछ, त्यस्तै नै राजयोगी जब चाहन्छ आफ्नो इच्छानुसार आफ्ना कर्मेन्द्रियहरूद्वारा कर्म गर्दछ र जब चाहन्छ अशरीरी अर्थात् शान्त अवस्थामा रहन सक्दछ । यस प्रकारको अशरीरी अवस्था रहनाले त्यसमाथि मायाको आक्रमण हुँदैन ।

दोस्रो शक्ति हो **'समेट्ने शक्ति'** । यस संसारलाई धर्मशाला त सबैले भन्दछन् तर व्यावहारिक जीवनमा उनीहरू यति विस्तार गर्दछन् कि आफ्नो कार्य र बुद्धिलाई एकाग्र गर्न चाहेर पनि गर्न सक्दैनन् जबकि योगी आफ्नो बुद्धिलाई विशाल दुनियाँमा फैलाएर एक परमपिता परमात्माको तथा आत्मिक सम्बन्धको यादमा नै आफ्नो बुद्धि लगाइराख्दछ । ऊ कलियुगी संसार बाट आफ्नो बुद्धि र संकल्पको गुन्टो वा पेटी समेटेर सदा आफ्नो घर परमधाममा जान तैयार रहन्छ ।

तेस्रो शक्ति हो **'सहन शक्ति'** जसरी वृक्षमा ढुंगा हान्दा पनि मीठो फल दिन्छ र अपकार गर्नेमाथि पनि उपकार गर्दछ, त्यस्तै एउटा योगी पनि सदा अपकार गर्ने प्रति पनि शुभ भावना र कामना नै राख्दछ ।


योगद्वारा जुन चौथो शक्ति प्राप्त हुन्छ । त्यो हो **'समाहित हुने शक्ति'** (ग्रहण गर्ने शक्ति) । योगको अभ्यास मानिसको बुद्धिलाई विशाल बनाउँछ र मानिस गम्भीरता र मर्यादाको गुण धारण गर्दछ । थोरै खुशी वा मान-पद पाएर ऊ अभिमानी बन्दैन न त कुनै प्रकारको कमी आउँदा या हानि हुने समयमा दुःखी हुन्छ । ऊ समुद्र झैं सदा आफ्नो दैवी कुलको मर्यादामा बाँधिएको हुन्छ र गम्भीर अवस्थामा रहेर अरू आत्माहरूका अवगुण नदेखेर केवल उनीहरूबाट गुण नै धारण गर्दछ ।

योगबाट अर्को शक्ति जो मिल्दछ त्यो हो **'पहिचान गर्ने शक्ति'** । जसरी एक जौहरी आभूषणहरूलाई कसौटीमा पहिचानेर त्यसको असली नक्कली कुरालाई थाहा पाइहाल्दछ, त्यस्तै योगी पनि कुनै पनि मानवआत्माहरूको सम्पर्कमा आएर उसलाई चिनिहाल्दछ र उसबाट कहिले पनि सच्चाई र झूट लुकाउन सक्दैन । ऊ सदा सही ज्ञानरत्नहरूलाई नै अपनाउँदछ तथा अज्ञानका झूटाकंकड-ढुंगाहरूमा आफ्नो बुद्धि फसाउँदैन ।

एक योगीलाई महान् **'निर्णय शक्ति'** पनि स्वतः प्राप्त हुन सक्दछ । ऊ उचित र अनुचित कुराको शीघ्र नै निर्णय गर्दछ । ऊ व्यर्थ संकल्प र पर-चिन्तनबाट मुक्त भएर सदा प्रभुचिन्तनमा रहन्छ । योगको अभ्यासबाट मानिसलाई **'सामना गर्ने शक्ति'** पनि प्राप्त हुन्छ । यदि उसको अगाडि आफ्नो निकट सम्बन्धीको मृत्यु जस्तो आपद समेत आइहाल्यो भने अथवा सांसारिक समस्याहरू तूफान (हूरी) को रूप नै किन धारण नगरोस् तर पनि ऊ कहिले विचलित हुँदैन र उसको आत्मारूपी दियो सधैं जलि नै रहन्छ तथा अन्य आत्माहरूलाई ज्ञान प्रकाश दिई नै रहन्छ ।

अर्को शक्ति जो योगको अभ्यासबाट प्राप्त हुन्छ, त्यो हो **'सहयोगको शक्ति'** । एक योगी आफ्नो तन, मन, धनले ईश्वरीय सेवा त गर्छ नै साथै उसलाई अन्य आत्माहरूको पनि सहयोग स्वतः प्राप्त हुन्छ, जुन कारणले ऊ कलियुगी पहाड (विकारी संसार) लाई उठाउन (परिवर्तन गर्न) आफ्नो पवित्र जीवनरूपी औंला दिएर स्वर्ग स्थापनाको पहाड समान कार्यमा सहयोगी बन्दछ ।

# राजयोगबाट प्राप्ति–अष्ट शक्तिहरू



# राजयोगको यात्रा-स्वर्गको दौड्



# राजयोगको यात्रा–स्वर्गतिरको दौड

राजयोगको निरन्तर अभ्यासबाट मानिसलाई अनेक प्रकारका शक्ति प्राप्त हुन्छन्, यी शक्तिहरूद्वारा नै मानिस सांसारिक अडचनहरूलाई पार गर्दै आध्यात्मिक मार्गतिर अग्रसर हुन्छ । आज मानिस अनेक प्रकारका रोग, शोक, चिन्ता र कष्टहरूबाट ग्रसित छ र यो सृष्टि नै घोर नरक बनिसकेको छ । यसबाट निक्लेर स्वर्गमा जान प्रत्येक प्राणी चाहन्छ तर नर्कबाट स्वर्गतिर जाने बाटो, कतिपय बाधाहरूबाट युक्त छ । काम, क्रोध, लोभ, मोह र अहंकार उसको बाटोमा मुख्य बाधा पार्दछन् । पुरुषोत्तम संगमयुगमा ज्ञानसागर परमात्मा शिवले जो सहज राजयोगको शिक्षा प्रजापिता ब्रह्माद्वारा दिइरहनु भएको छ, त्यसलाई धारण गर्नाले नै मानिस यी प्रबल शत्रुहरू (५ विकार) लाई जित्न सक्दछ ।

चित्रमा देखाइएको छ कि नर्कबाट स्वर्गमा जानको लागि पहिले-पहिले मानिसलाई काम विकारको उँचो पर्खाल पार गर्नु पर्दछ जसमा तीखो शीशाको बार लागेको हुन्छ । यसलाई पार गर्नमा कतिपय व्यक्तिहरू देह-अभिमानको कारणले सफलता पाउँन सक्तैनन् र तीखा धारिला शीशामाथि लडेर रक्ताम्य (रक्तले मुछिएको) भइहाल्छन् । विकारी दृष्टि, कृत्ति, वृत्ति नै मानिसलाई यो पर्खाल पार गर्न दिदैन । अतः यी विकारहरूलाई जित्नकोलागि पवित्र दृष्टि हुनु अति आवश्यक छ ।

दोस्रो भयंकर विघ्न क्रोध-रूपी अग्नि चक्र हो । क्रोधको वश भएर मानिस सत्य र असत्यलाई पनि चिन्दैन र साथै उसमा ईर्श्या, द्वेष, घृणा आदि विकारहरूको समावेश हुन्छ, जसको अग्निमा ऊ स्वयं त जल्दछ नै सँग-सँगै अन्य मानिसहरूलाईपनि जलाउँछ । यस बाधालाई पार गर्नको लागि स्वधर्ममा अर्थात् म आत्मा शान्तस्वरूप हुँ यस स्थितिमा स्थित हुनु आवश्यक छ । लोभ पनि मानिसलाई उसको सत्य बाटोबाट पर हटाउनको लागि बाटोमा खडा छ । लोभी मानिसलाई कहिले पनि शान्ति प्राप्त हुन सक्दैन र ऊ मनलाई परमात्मामा टिकाउन सक्दैन । अतः स्वर्गको प्राप्तिको लागि मानिसले धन वा खजानाको लालच र सुनको चमकको आकर्षणलाई जित्नुपर्दछ ।

मोह पनि यस्तो बाधा हो जो जाल झैं खडा रहन्छ । मानिस मोहको कडा बन्धनवश आफ्नो धर्म वा कार्यलाई पनि विर्सिन्छ र पुरुषार्थहीन बन्दछ । त्यसैले गीतामा भगवान्‌ले भन्नु भएको छ 'नष्टोमोहा स्मृतिलव्धाः' बन, अर्थात् शरीर सहित शरीरका सबै सम्बन्धीहरूको मोह-जालबाट निक्लेर परमात्माको यादमा स्थित भई आफ्नो कर्त्तव्यलाई गर, यसबाट नै स्वर्गको प्राप्ति हुन सक्दछ । यसको लागि आवश्यक छ कि मानवआत्मा मोहको बन्धनबाट मुक्ति पाओस्, तब नै मायाको बन्धनबाट छुटकारा मिल्नेछ र स्वर्गको प्राप्ति हुनेछ ।

अहंकार पनि मानिसको प्रगतिको मार्गमा पहाड समान बाधा पार्दछ । अहंकारी मानिस कहिले पनि परमात्माको नजिक पुग्न सक्दैन । अहंकारको वश, मानिस पहाडको उँचो टुप्पाबाट गिरे झैं चकनाचुर (धूलोपीठो) हुन्छ । अतः स्वर्गमा जानको लागि अहंकारलाई पनि जित्नु अति आवश्यक छ । त्यसैले याद रहोस् कि विकारहरूमाथि विजय प्राप्त गरेर मानिसबाट देवता बन्ने नर-नारीहरू नै स्वर्गमा जान सक्दछन् अन्यथा एक व्यक्ति मरिसकेपछि जो यो भनिने गरिन्छ कि 'त्यो स्वर्गवासी भयो' यो सरासर गलत हो । यदि प्रत्येक व्यक्ति मरेपछि स्वर्ग गएको हुन्थ्यो भने जनसंख्या कम भइहाल्थ्यो र स्वर्गमा ठूलो भीड लाग्ने थियो तथा मृतकका सम्बन्धीहरू शोक, चिन्ता गर्ने थिएनन् ।

# नेपालस्थित केही सेवा केन्द्रहरूको ठेगाना

**काठमाण्डौ** - विश्व शान्ति भवन, ब्रह्माकुमारी मार्ग, ठमेल, फोन : ००९७७-१-४२४९०५८, ४२६२३३०, इमेल : rajyoga@ecomail.com.np **ललितपुर, सातदोबाटो** - फोन : ०१-५५४११५२ , **पाटन** - फोन : ०१-५५४३८६९, **कुपण्डोल** - ०१-५५४३०३०, **भक्तपुर** - फोन : ०१-६६१२६१२ **बानेश्वर** - फोन : ०१-४१०९२६८, **तीनकुने** - फोन : ०१-२०५०२७९, **चावहिल** - फोन : ०१-४८१२४४२ **थानकोट** - फोन : ०१-४३१०६१०, **बसुन्धरा** - फोन : ०१-४३५३४५३, **गोंगबु** - फोन : ०१-४३८७२१९, **बुढानिलकण्ठ** - ०१-४३७७५४८, **रामकोट** - फोन : ०१-४२८६५९०, **महादेवटार** - फोन : ०१-४३८६२५९, **साँखु** - फोन : ०१-६२२४३५७, **चौतारा** - फोन : ०११-६२०२८६, **बाह्रबीसे** - फोन : ०११-४८९०४३, **चरिकोट** - फोन : ०४९-४२१२८७, **बट्टार** - फोन : ०१०-५६०९३१, **बनेपा** - फोन ११-६६०३५३, **धुलिखेल** - फोन : ०११-४९०७१४

**बिराटनगर** - ओम शान्ति भवन, ब्रह्माकुमारी मार्ग, मोरङ्ग, फोन : ०२१-५२४७९६, **दमक**-राजमार्गबाट उत्तर झापा फोन : ०२३-५८२३१२, **धनकुटा** - तल्लोकोप्चे, फोन : ०२६-५२११९९, **धरान** - लक्ष्मी सडक, पंकज मार्ग, सुन्सरी फोन : ०२५-५२१६६१, **चन्द्रगढी** - मालपोत अफिसको पश्चिम, चन्द्रगढी फोन : ०२३-४५६१९०, **ईटहरी** - फोन : ०२५-५८४३९६, **इनरुवा** - ०२५-५६०४९७, **ईलाम** - फोन : ०२७-५२०४७०, **विर्तामोड** - अनारमनी-४, झापा, फोन : ०२३-५४२७०७ , **जनकपुर** - सुख शान्ति भवन, ओमशान्ति मार्ग, बेल्ही, धनुषा फोन : ०४१-५२२००५, **लाहान** - ओम शान्ति टोल, विद्युत अफिसको पछाडि, सिराहा, फोन : ०३३-५६०५५२, **सिराहा** - फोन : ०३३-५२११०५, **राजविराज,** नेपाल टेलिकमको पूर्वपट्टि, ओमशान्ति मार्ग, सप्तरी - फोन : ०३१-५२१९०१


**वीरगंज** - छपकैया, फोन : ०५१-६२१७३३ , **वीर्ता** - फोनः ०५१-६९१०५१, **कलैया** - फोन : ०५३-५५०३९४, **गौर** - फोन : ०५५-५२०१४७

**नारायणगढ** - ओमशान्ति भवन, ब्रह्माकुमारी मार्ग, चित्तवन, फोन : ०५६-५२०५४७, **भरतपुर** - शिव दर्शन भवन, ओम शान्ति चोक, चितवन फोन ०५६-५२५८६८, **टाँडी** - ०५६-५६१२३६, **गीतानगर** - फोन : ०५६-६२०८९३, **रजहर** - फोन : ०७८-५४५२५९, **कावासोती थाना** - फोन : ०७८-५४००३१, **पोखरा** -५, नयाँबजार, फोन : ०६१-५२२२६५, **भैरहवा** - मैत्रीपथ-३/१६९, सिद्धार्थ नगर, रुपन्देही फोन : ०७१-५२०२११, **बुटवल** - ओम शान्ति मार्ग, वार्ड नं ६, रूपन्देही फोन : ०७१-५४११२९, **पाल्पा** - फोन : ०७५-५२०६३८, **बाग्लुङ्ग** - फोन : ०६८-५२०८११, **दाङ्ग(लमही)** - फोन : ०८२-५४०१६४, **नेपालगंज** - ओम शान्ति मार्ग, वार्ड नं १०, बाँके, फोन ०८१-५२०६२६, **वीरेन्द्रनगर** - बस पार्क, वार्ड नं ६ सुर्खेत - फोन : ०८३-५२१९८९, **धनगढी** - फोन : ०९४-४४०४९२, **दिपायल** - फोन : ०९४-४४०४९२, **महेन्द्रनगर** - चरित्र निर्माण भवन, वार्ड नं. १८ कञ्चनपुर, फोनः ०९९-५२२४६१

## Addresses, some of the centres in India

**Mount ABU (Raj)** – 307501 World Headquarters Pandav Bhawan, Ph 0091-2974-238261 to 238267
Fax : (0091)-2974-238952, email : abu@bkivv.org Website: www.brahmakumaris.com
ABU (Raj)- 307501 : 'Gyan Sarovar', Academy for a better world, Salgaon', Ph: 0091-2974-238788 to 238790, email: gyansarovar@bkivv.org
ABU Road (Raj)- 307510 : 'Shantivan', Taleti, Ph : 0091-2974-228101 to 228108, email: shantivan@bkivv.org
Ahmedabad -(Guj) -380022, Shukhshanti Bhawan, opp.Gamdiwala dairy, bhulabhai park road,Kankaria ph 079-25324360/25324460
New Delhi (Del) 110005, Pandav Bhawan, 25 new rohtak road, Karol bagh. ph 011-23628976,23547805, Purity 23670463
Delhi-110052 Satkar Bhawan B-2,phase 2, Ashokvihar, behind Laxmi Narayan Tample.Ph 011-27426057/27126276

# गीता ज्ञान कहिले, किन र कस द्वारा दिइयो ?



# दिव्य गुण

